तिला गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
डुण्डेली, जुम्ला
कर्णाली प्रदेश नेपाल

# आर्थिक वर्ष २०७९/०८० को वार्षिक नीति तथा कार्यक्रम

## तिला गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

## डुण्डेली, जुम्ला

## कर्णाली प्रदेश, नेपाल

गोरीकला बुढा
उपाध्यक्ष

गाउँसभाको बैठकमा २०७९ साल असार १० गते शुक्रबार श्री गोरिकला बुढा ज्यूबाट प्रस्तुत भएको

# आर्थिक वर्ष २०७९/०८० को नीति तथा कार्यक्रम एवंम अनुमानित बजेट

तिला गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

२०७९/०३/१०

गोरीकला बुढा

उपाध्यक्ष

सम्मानित गाउँसभाका सभाध्यक्ष ज्यू,

सम्मानित गाउँसभाका सदस्य ज्यूहरु ।

लामो संघर्ष, त्याग, तपस्या हजारौ वीर सहिदहरुको बलिदानीले ल्याएको संघीय लोकतान्त्रीक गणतन्त्र नेपालको दोस्रो स्थानीय तहको निर्वाचन पश्चात प्रथम ऐतिहासिक गाँउ सभाको तिला गाउँपालिकाको आगामी वर्षमा गरिने नीति तथा कार्यक्रमहरुको विषयमा मार्ग चित्र कोर्नका लागि आ.व २०७९/०८० को नीति कार्यक्रम तथा बजेट यस सम्मानित गाउँ सभामा प्रस्तुत गर्न पाउदा अत्यन्त खुसी लागेको छ । यस विषयमा म नेपालको संघीय लोकतान्त्रीक गणतन्त्रको लागि नेपाली जनताले पटक पटक गर्दै आएको इतिहासिक जनयुद्ध, जन आन्दोलन, मदेश आन्दोलन लगाएतका आन्दोलनको स्मरण गर्न चाहान्छौ । लोकतन्त्र स्थापना गर्न शहिदहरुको त्याग, तपस्या र बलिदानलाई उच्च सम्मान गर्दछु साथै घाईते अपाङ्ग योद्धाहरुको स्वास्थ्य लाभको कामना गर्दछु । तिला गाउँपालिकालाई समृद्ध, सम्मुनत र सुशासन योग्य बनाउनका लागि थुपै चुनौतिहरु रहेका छन । तथापी चुनौतिहरुलाई सामाना गर्दै अघि बढ्न प्रमुख हाम्रो जिम्मेवारी र आजको आवश्यकता भएकोमा यस गरिमामय एतिहासिक गाउँ सभामा व्यक्त गर्दछु ।

स्थानीय सरकारलाई आफ्नो क्षेत्रको सुशासन र विकास आफै गर्ने तथा आफुलाई आवश्यक पर्ने कानुन आफै निर्माण गर्ने प्राप्त अधिकारलाई संस्थागत ढङ्गले अभ्यास गर्दै गाउँपालिकामा अघि बढी रहेको यहाँहरुलाई अवगत नै छ । यस गाउँपालिका वासीहरुको अपेक्षा अनुरुप गाउँपालिकाले सेवा प्रवाह गर्न विकास निर्माण गर्न घर दैलोमा प्रत्यक्ष उपस्थितीको अनुभुती गराई रहेका बिगतको लामो अनुभव र सिकाई यहाँहरुको सामु प्रस्तुत गर्दछु ।

थुप्रै चुनौति र सम्भावनाका बावजुत पनि यस पालिकालाई समुद्ध र सम्मुनत बनाउनका खातीर यस गरिमामय गाउँसभामा एतिहासिक क्षणका रुपमा उपस्थिती



गोरीकला बुढा
उपाध्यक्ष

तिला गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लुम्डेली, जुम्ला
कर्णाली प्रदेश, नेपाल

भएकी छु । तिला गाउँपालिकाको नीति कार्यक्रम तथा बजेट तर्जुमा गर्दा नेपालको संविधानको अनुसूची ८/९ नेपाल सरकारको नीति, कार्यक्रम तथा बजेट नेपाल सरकार बाट प्राप्त वितीय समानिकरण अनुदान, नेपाल सरकारले अन्तराष्ट्रिय स्तरमा गरेका विभिन्न प्रतिवद्धताहरु, दिगो विकासका लक्ष्य, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका विभिन्न आदेश तथा निर्देशन, परिपत्रहरुको आधारमा स्थानीय तहको अधिकार तथा कार्य विस्तुतिकरण, स्थानीय तहको योजना तथा बजेट तर्जुमा तथा दिगदर्शन २०७९, स्थानीय सरकार संचालन ऐन २०७४, आर्थिक व्यवस्थापन तथा सम्पती हस्तान्तरण सम्बन्धी निर्देशिका २०७४, अन्य प्रचलित विधान ऐन, कानुन, विभिन्न विषयगत मन्त्रालयहरु, कार्यालयहरु, संघ संस्थाहरु बाट प्राप्त मार्ग निर्देशन, सुझाव तथा अपेक्षा समेतलाई हृदयगमन गरी यस सम्मानित गाउँ सभामा बजेट तथा नीति तथा कार्यक्रम प्रस्तुत गरेकी छु।

यस सम्मानित गाउँ सभामा अब म यस तिला गाउँपालिकाले आ. व. ०७९।०८० मा अख्तियार गर्ने नीति तथा कार्यक्रम पेश गर्ने अनुमती चाहन्छु ।

**१. मूलभुत नीति तथा कार्यक्रमहरु:**

- स्थानीय तहको शासन संचालन गर्न अति आवश्यक नीति ,कानुन र ऐन तर्जुमा गरि सम्मानित गाउँ सभाबाट पारित गराई आम नागरिकहरुलाई गाउँपालिका सरकारको उपस्थितीको आवास दिलाईने छ ।
- बजेट विनियोजित गर्दा संविधानले निर्दिष्ट गरेका लक्ष्य आम जन समुदायको चाहना अपेक्षालाई हासिल गर्ने गरि कार्यक्रम तय गरिने छ ।
- भैगोलिक क्षेत्र, जनसंख्या र गरिबी विकासको अवस्थाका आधारमा बजेट विनियोजनको अवधारणा ल्याईने छ ।



गोरीकला बुढा
उपाध्यक्ष

तिला गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लुम्ट्नी, जुम्ला
कर्णाली प्रदेश नेपाल

- लोप हुन लागेका परम्परागत पहिरहन, भेषभुषा, आभुषण र बहुमूल्य वस्तुहरुको संरक्षण र सम्वर्धनका लागि प्रथामिकता दिईने छ ।
- धार्मिक, ऐतिहासिक स्थलको खोज, अनवेषण तथा अनुसन्धान कार्यमा जोड दिईने छ ।
- तिला गाउँपालिकामा प्राविधीक तथा साधारण धारतर्फको स्नातक तहको आंगिक क्याम्पस स्थापनाका लागि पहल गरिने छ ।
- तिला गाउँपालिका भित्र कृषि बजारीकरण गर्न गाउँ देखि पालिका सम्म सडक संजाल विस्तार गर्ने नितीलाई अवलम्वन गरिने छ।
- दलित विपन्न तथा अल्पसंख्यक, मेदावी छात्र/छात्राहरुका लागि उच्च शिक्षा अध्ययनका लागि छात्रवृतिको व्यवस्थपन गरिने छ। भु उपयोग नीति तयार गरी तिला गाउँपालिका भित्रको भु उपयोग नीति, नक्सा र बाँझो जग्गाको उपयोग गर्ने कार्यलाई प्रथामिकता दिई व्यवसायिक कृषि प्रणालीलाई जोड दिईने छ ।
- तिला गाउँपालिकामा तिला एफ. एम. स्थापना गर्नका लागि जोड दिईने छ ।
- सिपमूलक तालिम प्राप्त जनशक्तिहरुका लागि स्थानीय तहमा विउ पुजीको व्यवस्था गर्न पहल गरिने छ।
- गरिब तथा विपन्न वर्गहरुको पहिचान तथा पुन अध्यावधिक गरिने छ ।
- तिला गाउँपालिकामा नमुना विद्यालय, नमुना वस्ती, नमुना पालिकाको अवधारणालाई अवलम्वन गरिने छ।
- तिला गाउँपालिकालाई डिजीटल ( सि.सि. क्यामरा जडान,डिजीटल हाजिरी व्यवस्थापन डिजीटल नागरिक वडापत्र जडान आदि) गाउँपालिका बनाउने कार्यलाई प्रथामिकता दिईने छ।
- विद्यालय स्तरमा बाल सहकारीको स्थापना गर्ने कार्यलाई प्रथामिकता दिईने छ।



गोरीकला बुढा
उपाध्यक्ष

तिला गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय डुण्डेली, जुम्ला कर्णाली प्रदेश नेपाल

- तिला गाउपाँलिकामा एक गाउँ एक उत्पादन कार्यलाई जोड दिई पालिका स्तरमा सित भण्डारको स्थापना गर्ने कार्यलाई बढावा दिईने छ।
- पालिका स्तरीय परम्परागत वस्तुहरुको संग्राहालय स्थापना गर्ने कार्यलाई जोड दिईने छ। प्रत्येक गाउँमा एक गाउँ एक सहकारी अभियानलाई प्रथामिकता दिईने छ ।
- बेरोजगार युवाहरुका लागि व्यवसायिक खेती संचालन गर्नका लागि अनुदानको व्यवस्थ गरिने ।
- स्थानीय स्तरमा पर्यन प्रवद्धनका लागि एक गाउँ एक होम स्टे को अवधारणलाई प्रथामिकता दिईने छ।
- अव्यवस्थित वस्तीहरुको पहिचान गरी व्यवस्थित बनाउनका लागि स्थानीय सरकारको पहलमा केन्द्रिय र प्रदेश सरकार संग समन्वय गरी व्यवस्थित गर्ने कार्यलाई जोड दिईने छ।
- तिला गाउँपालिका भित्र रहेका अति विपन्न वर्गका जनताहरुलाई स्वास्थ्य विमा, पशु विमा र कृषि विमा गर्ने कार्यलाई विषेश जोड दिईने छ ।
- स्थानीय सरकारलाई थप टेवा पुर्याउनका लागि प्रत्येक टोलमा टोल विकास समिती गठन गरी व्यापक परिचालन तथा व्यवस्थित गर्ने कार्यलाई जोड दिने छ।
- तिला गाउँपालिकामा कृषिमा आधुनिकिकरण गर्नका लागि नगदे बाली र खाद्यान्न बाली र रैथाने बालीहरुलाई अध्ययन गरी विषेश पकेट क्षेत्रको घोषणा गरी किसानको आयआर्जन प्रवद्धन गरिने छ।
- वैदेशिक रोजगारबाट फर्केका यूवाहरुको सिपलाई मध्यनजर गरी रोजगारी सृजना गर्नका लागि सहुलियत कर्जाको व्यवस्था मिलाईने छ।



गोरीकला बुढा
उपाध्यक्ष

तिला गाउँपालिका
गाउँ कार्यपालीकाको कार्यालय
डुण्डेली, जुम्ला
कर्णाली प्रदेश नेपाल

- जनयुद्ध, जनआन्दोलनबाट प्रभावित परिवारहरुको (शहिद, घाइते, अपाङ्गता भएका व्यक्ति र बेपत्ता भएका व्यक्तिहरुका लागि) लगत संकलन गरी आय आर्जनको व्यवस्थापन गर्न पहल गरिने छ।
- तिलावासीको जीवन स्तर सुधारका लागि पानीको बहुउपयोग योजन (विद्युत, सिँचाई, खानेपानी र हिउपोखरी) बनाउने नीतिलाई प्रथामिकता दिईने छ।
- विकासका कार्यलाई परिमाण मुखि बनाउन नतिजामा आधारित (Result oriented ) विकास गर्ने परिपाटीको नीति अवलम्वन गरिने छ।
- आम्दानीको श्रोतको रुपमा रहेको जडिवुडी क्षेत्रहरुको पहिचाहन गरी संरक्षण, प्रर्वद्धन र व्यवसायीकरण गर्न विषेश जोड दिईने छ।
- गाउँपालिकामा निर्माण हुने भौतिक पूर्वधारलाई गुणस्तरीय तथा प्रयोग मैत्री बनाउनका लागि राष्ट्रिय न्यूनतम मापदण्डका आधारमा निर्माण गर्ने कार्यलाई प्रथामिकता दिईने ।
- गाउँपालिका भित्र रहेका प्राकृतिक श्रोत, वन्यजन्तु र जडिवुटीको संरक्षण, सर्वद्धन र उपयोग गर्न आवश्यक योजना तयार गरी सम्बन्धीत निकाय संग समन्वय गरि अगाडी बढाईने छ ।
- समुदायमा जडागाडेर रहेको पराम्पारगत गलत अभ्यासहरुलाई (बाल विवाह, छाउपडी, बहुविवाह, बोक्सी प्रथा, महिला हिंसा, छुवाछुत र धामी झाँक्रि) निरुत्साहित गरी त्यसमा सहयोग गर्ने सरोकारवालाहरुको क्षमता विकास गर्ने कार्यलाई जोड दिईने छ ।
- सामाजिक सुरक्षा कार्यक्रमलाई बैकिङ्ग प्रणालीबाट संचालन गर्ने र बैकिङ्ग प्रणाली पहुँच नभएका ठाँउमा वैकल्पीक उपाय अवलम्वन गरिने छ।
- गाउँपालिका भित्र संचालित योजना तथा कार्यक्रमहरुलाई प्रभावकारी, पारदर्शी, गुणस्तरीय र दिगोपनाका लागि एक संयूक्त अनुगमन टोली मार्फत



गोरीकला बुढा
उपाध्यक्ष

तिला गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लुण्डेली, जुम्ला

अनुगमन र मूल्याङ्कनलाई व्यवस्थित गर्दै अगाडि बढाईने छ । साथै पालिका स्तरमा जनताको गुनासो सनुवाई गर्नका लागि टोल फ्रि नम्बरको स्थापना गरिनेछ।

- गाउँपालिका भित्र रहेका व्यवसाय, सहकारी संघ संस्था तथा विभिन्न समुहहरुको तथ्याङ्क संकलन गरी सुचिकृत गर्न पहल गरिने छ।
- तिला गाउँपालिकालाई अर्गानिक गाउँपालिका बनाउन विषेश पहल गरिने छ।
- तिला गाउँपालिकालाई साक्षर गाउँपालिका बनाउने कार्यलाई प्रथामिकता दिईने छ।
- महिलाहरुको कार्य वोझलाई कम गर्ने कार्यहरुलाई प्रथामिकता दिईने छ।
- बाल मैत्रीक गाउँपालिका घोषणा गर्नका लागि विशेष जोड दिईने छ।
- विपत जोखिम न्यूनिकरण गर्नका लागि पालिका स्तरमा कोषको स्थापना गरि ९ वटै वडामा प्रभावकारी रुपमा संचालन गर्न जोड दिईने छ।
- स्थानीय तहको अधिकार भित्र पर्ने आन्तरिक राजस्व संकलनको कार्यलाई कार्यन्वयन गरिने छ।
- स्थानीय भाषा, सिप, सास्कृतकि, कला, सिप र क्षमताको संरक्षण एंव पर्वन गर्न विषश जोड दिईनेछ ।
- तिला गाउँपालिका भित्र रहेका निजि क्षेत्र,सरकारी तथा गैर सरकारी संस्थाहरु संग साझदारीको अवधारणा अनुसार कार्यक्रम कार्यन्वयन गर्ने निती अवलम्वन गरिने छ।
- सेवा प्रवाह नपुगेका वस्तीहरुको अध्ययन गरि त्यस्ता स्थानहरुमा जनताको स्वास्थ्य अवस्थामा सुधार ल्याउन प्रत्येक गाउँमा गाउँ घर क्लिनिक वा स्वास्थ्य युनिट स्थापना गर्न पहल गरिनेछ ।
- स्वास्थ्य नागरिक कोषको स्थापना गर्न विषेश जोड दिइनेछ।



गोरीकला बुढा
उपाध्यक्ष

तिला गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
ढुण्डेली, जुम्ला

- पैत्रिक सम्पती माथि महिलाको समान हकलाई सुनिश्चित गर्ने कार्यलाई प्रथामिकता दिईने छ।
- तिला गाउँपालिकामा ४० वर्ष कटेका एकल पुरुषहरुको लगत संकलन गरेर जिवन निर्वाह भत्ताको व्यवस्थापन गरिने छ।
- शिक्षा क्षेत्रलाई गुणस्तरिय वनाउन सिकाई अनुदानको कार्यक्रमलाई व्यापक जोड दिईने छ। शिक्षक दरवन्दी मिलान कार्यलाई प्रथामिकता दिईने छ ।
- स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद १४ को दफा २ को (क) बमोजिम यातायात तथा पूर्वाधारको अभावको कारण भौगोलिक रुपमा दुर्गम रहेको र गरिबीको रेखामुनी रहेको क्षेत्रलाई विशेष क्षेत्र घोषणा गर्ने व्यवस्था भएकोले तिला गाउँपालिका वडा नं ५, ६, ७, ८ र ९ लाई विशेष क्षेत्र घोषणा गरिनेछ ।

**२. क्षेत्रगत नीति तथा कार्यक्रमः**

**१. आर्थिक विकासः**

**कृषि तथा पशु विकासः**

- तिला गाउँपालिका स्तरीय कृषि तथा खाद्य सुरक्षा १० बर्षे दिर्गकालिन रणनीतिक तथा प्रतिकार्य योजना निर्माण गरी आवधिक योजनाको प्राथमिकता तथा रणनीति अवसर कार्यान्वयन गरिने छ ।
- मार्सी धान, सिमि, फापर, आलु, स्याउ तथा ओखरको उत्पादन वृद्धि गर्न पकेट क्षेत्रमा उपयुक्त प्रविधि, सिप र सिंचाई सुविधा लगायतका आवश्यक पूर्वाधारको पहुच बढाईने छ ।



गोरीकला बुढा
उपाध्यक्ष

तिला गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय इुण्डेली, जुम्ला कर्णाली प्रदेश नेपाल

- सरकारी, गैर सरकारी, निजी क्षेत्र र समुदायको साझेदारीमा उन्नत प्रविधिको प्रसार, सिप हस्तानतरण, क्षमता विकास द्वारा उत्पादन वृद्धि तथा व्यवसायीकरण गरिने छ।
- स्थानीय स्तरमा कृषि यान्त्रीकरण प्रयोग गरी कृषि उत्पादनमा वृद्धि गरिने छ।
- माटोको उर्वरा शक्ति बढाउन गुणस्तरीय जैविक मलको प्रयोग र उन्नत प्रविधिको सिप विकासमा विशेष जोड दिईने छ।
- स्थानीय भू-उपयोग प्रणालीलाई प्रवर्धन गरी खेतीयोग्य जमिनको संरक्षण गरिने छ। रैथने बाली उत्पादनमा प्रवर्धन गरिने छ।
- गाउँपालिका स्तरमा १ वटा खाद्य बैंकको स्थापना गरि जनताहरुलाई सर्वशुलभ मूल्यमा दैनिक उपभोग्य वस्तु उपलब्ध गराइने निति लिइने छ।
- व्यवसायीक तरकारी खेति, खाद्यान्न बाली खेति, नगदेबाली, फलफुल खेति, नर्सरी खेति विकास कार्यक्रमलाई निरन्तरता दिईनेछ।
- जलवायु परिवर्तन रोग प्रकोप एवं प्राकृतिक विपतबाट कृषि क्षेत्र लगायत मानविय जोखिमलाई न्युनिकरण गरिनेछ । पशुवस्तु तथा वाली विमा विस्तारमा जोड दिईनेछ।
- कृषि उत्पादन, प्रशोधनमा उपलब्ध गराइने सहुलियत र प्राविधिक सेवाको प्रवन्ध गर्न हरेक किसानलाई स्थानीय तह मार्फत सूचीकरण गर्ने कार्यको थालनी गरिने छ।
- उच्च मूल्यका कृषि वस्तु (स्याउ, सिमि, ओखर, कालिमार्सी) व्याबसायीक उत्पादन गर्न, कृषकहरुलाई प्रोत्साहन गरिने छ।
- प्राविधिकहरु कृषकको खेत, वारी ,गोठा तथा फर्ममै पुगी कृषि सम्बन्धि प्राविधिक सेवा दिनु पर्ने व्यवस्था मिलाईने छ।



गोरीकला बुढा
उपाध्यक्ष

तिला गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय
छुमचौर, जुम्ला
कर्णाली प्रदेश नेपाल

- जलवायु परिवर्तन, रोगको प्रकोप एवम् प्राकृतिक विपत बाट कृषि क्षेत्रमा आउन सक्ने जोखिम न्युनीकरण गरिने छ।
- आधारभूत खाध्य वस्तुको उत्पादन र उत्पादकत्व वृद्धि गरिनेछ।
- मल, विउ, बेर्ना कृषि उपकरण लगायतका आधारभूत कृषि सामग्री समयमै उपलब्धता सुनिश्चित गरिने छ।
- कृषि उत्पादन वृद्धि गर्न साना सिचाई आयोजना संचलान गरिनेछ।
- परम्परागत मौलिक बालीको विकासमा प्रोत्सान गरिनेछ।
- बाझो जमिन प्रयोजनको लागी सहकारी खेती विस्तार गरिने छ। "एक गाउँ एक उत्पादन" कार्यक्रम संचालन गरिने छ।
- युवा सो रोजगार तथा गरिबी निवारणको लागि व्यवसाय योजनालाई निरन्तरता दिइने छ।
- पशु सेवा विकास तथा प्रसार तर्फ मध्यम तथा विपन्न किसानलाई लक्षित गरी व्यावसायीक फाम प्रवर्धन कार्यक्रम संचालन गरिनेछ।
- गोठ सुधार कार्यक्रम संचालन गरिनेछ।
- नश्ल सुधार कार्यक्रम अन्तर्गत गाउँपालिका क्षेत्र भित्रका पशु पालन किसान समुह समितिहरुलाई प्रजनन योग्य उन्नत जातको बोयर, बोका, जर्सी र साढे उपलब्ध गराईनेछ।
- कृत्रिम गर्भधान सेवालाई सर्वसुलभ बनाईनेछ।
- पशुपालक कृषक समुह समितिको आम्दानी वृद्धि गर्न टर्कीको चल्ला वितरण गरिनेछ।
- पशु स्वास्थ्य कार्यक्रम गाउँपालिकाको सबै वडा वर्षभरी संचालन गरिनेछ।



गोरीकला बुढा
उपाध्यक्ष

- पशुपंक्षि बजार प्रवर्धन कार्यक्रम अन्तर्गत गाउँपालिका क्षेत्र भित्र मासु तथा दुध विक्रि वितरण गर्न मासु पसल तथा डेरी पसल व्यवस्थापनको लागि रकमको व्यवस्था गरिनेछ।
- गाउँपालिका क्षेत्र भित्र पर्ने सबै वडामा रेबीज रोग नियन्त्रण तथा अन्य रोग विरुद्ध खोप संचालन गरिनेछ।
- गाउँपालिका भित्र रहेका मासु पसल, औषधि पसलको अनुगमनलाई प्रभावकारी बनाइनेछ।
- पशु आहारामा सुधार ल्याउन उन्नत जातको घाँसको विउ विरुवा र मिनरल ब्लक वितरण गरिने छ।
- माथि उल्लेखित कार्यक्रमको कार्यान्वयनबाट साना तथा मझौला फार्म कर्षक समुह समिति उद्योग तथा पशु पालक कृषकहरु लाभान्वित भई पशु विकास तथा प्रसार क्षेत्रमा उल्लेखनीय सुधार हुने अपेक्षा गरिएको छ। गाउँपालिका सबै वडाहरुलाई पशुपालन क्षेत्रको रुपमा विकास गर्दै लैजाने नीति लिईएको छ।

**सहकारीः**

- यस तिला गाउँपालिकाको आ. व. २०७९/०८० मा स्थानीय सरकार संचालन ऐन २०७४ मा व्यवस्था भए बमोजिम सहकारी मुल्य मान्यता र सिद्दान्त अनुरुप स्थानीय स्तरमा छरिएका निस्कृय रुपमा रहेका सरकारीहरुलाई चुस्त-दुरुस्त र क्रियाशिल बनाईने छ।
- सहकारी संस्थाहरुको पर्वन्धन सहकारी खेती उद्योग बस्तु तथा सेवा व्यवसायका माध्यमबाट सामाजिक न्यायमा आधारित आत्मनिर्भर बनाईने छ।



गोरीकला बुढा
उपाध्यक्ष

तिला गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय लुम्डेली, जुम्ला कर्णाली प्रदेश नेपाल

- तिब्र एवं दिगो रुपमा स्थानीय अर्थ तन्त्र सुदृढ तुल्याउन सर्वप्रथम सहकारीमा आवद्ध पदाधिकारी तथा सदस्यहरुको क्षमता अभिवृद्धि गरिईने छ ।
- सम्पूर्ण सहकारीहरु लाई आ. व. २०७९/०८० भित्र COPOMIS को दायरामा ल्याई प्रविष्टि गराईने छ ।
- निष्क्रिय रुपमा रहेका सहकारीहरु लाई मर्ज तथा खारेजको नीति लिईनेछ ।
- सम्पूर्ण सहकारीहरुको लेखा व्यवस्थापन चुस्त-दुरुस्त राख्नको लागि लेखा व्यवस्थापन सम्बन्धी तालिम दिनुका साथै गाउँपालिका भित्र रहेका सहकारीहरु लाई एकिकृत प्रणालीमा रुपान्तरण गर्ने र सो को छाता संगठन निर्माण गरि सहकारी बैंकको स्थापनामा पहल गरिने छ ।

**लघु उद्यम विकास तथा गिरिबी निवारण कार्यक्रम (MEDPA) :**

- तिला गाउँपालिकाको गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम मेडपा अन्तर्गत लक्षित वर्ग, गरिब, दलित, बेरोजगारी युवा, बैदेशिक रोजगार गुमाएका व्यक्तिहरुलाई नयाँ उद्यमीको रुपमा सिर्जना गरिने छ ।
- बेरोजगार युवाहरुलाई रोजगारी दिनको लागि आयआर्जन मूलक सिप विकास तालिमको व्यवस्था गरिनेछ।
- सम्भाबीत उद्यमीको लागि फारम ए र बी भरेर छनौट गरिनेछ ।
- सम्भाव्य लघु उद्यमीको पहिचान गरेपछि सो को विवरण तयार गरी सफ्टवेयरको सहयोगबाट सम्भाव्य उद्यमीको अन्तिम छनौट गरिनेछ ।
- छनौट भएका सहभागीहरु लाई रुचि क्षमता र आवश्यकताको आधारमा समुहमा आवद्ध गरिईने छ ।
- उद्यमशिलता तालिम संचालन गरिने छ र यसमा व्यवसाय छनौट गरी व्यवसायीक योजना बनाईने छ । उद्यमको प्रकृतिको आधारमा विभिन्न



गोरीकला बुढा
उपाध्यक्ष

तिला गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
ढुण्डेली, जुम्ला
कर्णाली प्रदेश नेपाल

समुहमा आवद्ध गरी आवश्यकता अनुसारको छोटो माध्यम र लामो अबधिको सिप विकास तालिम संचालन गरिने छ ।

- लघु उद्यमीलाई वार्षिक कार्यक्रममा व्यवस्था भए बमोजिम प्रविधि हस्तान्तरणको लागि शाखाले २०७७ को निर्देशिकाको अनुसुची १३ बमोजिम उद्यमीसँग सम्झौता गरी उपलब्ध गरिईने छ ।
- उद्यमलाई स्तरोन्नती गर्न चाहने लगानीको लागि कर्जाको आवश्यकता भएमा सम्बन्धित उद्यमीको अनुरोधमा सहजकर्ताले स्थानीय स्तरमा संचालित सहकारी बैंक तथा लघु वित्त संस्थासँग प्रत्यक्ष भेटघाट परामर्श गोष्ठी मार्फत सम्बन्धित उद्यमी र वित्तिय संस्था बिच अन्तरक्रिया गराई वित्तिय पहुचमा सहजीकरण गराई दिने ।
- लघु उद्यमीको उत्पादनलाई बजारीकरण गर्नको लागि कम्तीमा ५ जनाको समुहमा प्रविधि हस्तान्तरण गरिने छ ।
- उद्यमको स्तर उन्नतीको लागि पर्न सक्ने सहयोगका क्षेत्र विशेष गरी उद्यम व्यवसाय सुधार तालिम, उद्यम व्यवसाय विस्तार गर्न चाहानेका लागि तालिम, व्यवसाय परामर्श, पुनर्ताजगि, सिप विकास तथा स्तर उन्नती तालिम, वित्तिय सेवामा पहुँच, प्रविधिक तथा बजारमा पहुँच तालिम एडभान्स सिप विकास तालिम, बजारीकरण तथा व्यावसायीक परामर्श जस्ता क्षेत्रमा सहयोग गरिने छ ।
- लघु उद्यमीहरुले उद्यम व्यवसाय संचालन गरे नगरेको पटक पटक बजार अनुगमन तथा निरीक्षण गरिने छ ।
- अति गरिब परिवारको लागि कम्तिमा १० जनाको लागि हुनेगरि साझा सुबिधा केन्द्रको स्थापना गरिने छ ।



गोरीकला बुढा
उपाध्यक्ष

तिला गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
धुन्डेली, जुम्ला

- स्थानीय उद्योग धन्दा, कलकारखाना, बालीनालीबाट उत्पादित वस्तुहरुको बजारीकरणको प्रवन्ध गरी स्थानीय रोजगारी तथा आय आर्जनमा वृद्धि गरिनेछ ।
- औद्योगिक क्षेत्रमा लगानी बढाउन तथा स्थानीय उद्योग धन्दालाई प्रोत्साहन गर्न आवश्यक नीतिगत, कानुनी, प्रशासनिक तथा आर्थिक सुधारका प्रयासहरु अवलम्बन गरिनुका साथै लगानीमैत्री वातावरण सिर्जना गरिनेछ ।
- वनस्पति तेल उत्पादन गर्न लघुउद्योग स्थापना गरिनेछ ।

**पर्यटनः**

- 'मेरो साथी पर्यटक, हाम्रा पर्यटकीय स्थल कार्यक्रम सञ्चालन गरेर पर्यटकहरुलाई आकर्षित गरिनेछ । तिला गाउँपालिका भित्रका पर्यटकीय क्षेत्र पहिचान गरी नामाकरण सहित क्षेत्र तोकिनेछ ।
- यहाँको धार्मिक, साँस्कृतिक, प्राकृतिक र पर्यावरणीय पर्यटक स्थलको संरक्षण गर्दै पर्यटक आवागमन गर्ने वातावरण सिर्जना हुनेछ।

## २. सामाजिक बिकास :-

**उपाध्यक्ष कार्यक्रम :**

- यस तिला गाउँपालिकामा अधिकांश महिला जनसंख्या बढि भएको र महिलाहरु कम शिक्षित र रोजगारीको अवसरबाट बंचित भएको हुदा महिला शक्तिकरणका लागि पाठशाला संचालन गरिनेछ । साथै महिलाहरुलाई रोजगारी बनाउन महिला आय आर्जन मूलक कार्यक्रमहरु संचालन गरिनेछ ।



गोरीकला बुढा
उपाध्यक्ष

तिला गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय

- गरिब, जेहेनदार, अपङ्गता विद्यार्थी र एकल महिलाहरु लाई उपाध्यक्ष कार्यक्रम मार्फत विशेष सेवा प्रदान गरिनेछ।
- यस तिला गाउँपालिकामा रहेका गर्भवती आमालाई निशुल्क यातायातको व्यवस्था गरी आकश्मिक कोष खडा गरिनेछ। महिला उद्यमशिल प्रवर्धन कार्यक्रमलाई महिला आय आर्जन सहकारी मार्फत विउ पुँजी रकम प्रदान गरिनेछ। महिलासँग प्रजन्न स्वास्थ्य जाँच कार्यक्रम संचालन गरिनेछ।
- जनआनदोलन, जनयुद्ध तथा सहिदहरुका घरपरिवारलाई जिविको पर्जन कार्यक्रम संचालन गरिनेछ।
- जेष्ठ नागरिक स्वास्थ्य जाँच सहितको सम्मान कार्यक्रम र सामिजिक सुरक्षा नियमित रुपमा उपलब्ध गराउने व्यवस्था गरिनेछ।

**शिक्षा :**

- बाल शिक्षक सहजकर्ता तालिम सञ्चालन तथा बालविकास कक्षालाई बालमैत्री र सिकाईमैत्री बनाइ बालबालिकाहरुमा सिर्जनशीलताको विकास गर्न शिक्षण सामग्री अनुदानको व्यवस्था गरीनेछ।
- आधारभुत विद्यालको शैक्षिक गुणस्तर सुधारका लागि एक आधारभूत विद्यालय एक पुस्तकालय कार्यक्रम सञ्चालन गर्ने नीति अवलम्बन गरीनेछ।
- उत्कृष्ठ शैक्षिक नतिजा हासिल गरेका विद्यालयका शिक्षकहरुलाई अन्तर विद्यालय शिक्षण सहजीकरणमा परीचालन गर्ने नीति लिइनेछ।
- शैक्षिक गुणस्तर सुधारका लागि विषयगत शिक्षक तालिम( अग्रेजी गणित विज्ञान) संचालन गरिनेछ।
- शैक्षिक व्यवस्थापन तथा प्रधानाध्यापक नेतृत्व क्षमता विकास अन्तरक्रिया कार्यशाला सञ्चालन गरिनेछ।



गोरीकला बुढा
उपाध्यक्ष

- विद्यालयमा शैक्षिक सुशासन , आर्थिक नियमितता ,पारदर्शिता र जवाफदेहिता अभिबृद्धि गर्न खरिद तथा लेखा व्यवस्थापन पुनर ताजकिय तालिम सञ्चालन गरीनेछ ।
- शैक्षिक क्षेत्रमा सिर्जना हुने विपद व्यवस्थपानका लागि गाउपालिका स्तरीय शैक्षिक कोष स्थापना गरीनेछ ।
- माध्यमिक विद्यालयमा विज्ञान विषयको प्रयोगात्मक कक्षा सञ्चालनमा सहजता हुनेगरी विज्ञान सामग्री व्यवस्थापन अनुदान कार्यक्रम संचालन गरीनेछ ।
- प्राविधिक धार सञ्चालन भएका विद्यालयमा विद्यार्थीहरुलाई **सिक्दै कमाउदै**(LEARN & EARN) नमुनायोग्य कार्यक्रम सञ्चालनका लागि वीउ पुँजीस्वरुप अनुदान उपलव्ध गराइनेछ ।
- सामुदायिक विद्यालयमा कार्यरत शिक्षकको शिक्षण सिकाई कौसलतामा सहजीकरण हुनेगरी प्राध्यापक/ विषय विज्ञ (अतिथि ) **नमुना कक्षा शिक्षण तथा ज्ञान हस्तान्तरण** कार्यक्रम सञ्चालन गरीनेछ ।
- विद्यालय शिक्षालाई व्यवहारीक , जीवनोपयोगी र ज्ञानमा आधारित बनाउन माटो सुहाउदो एवम स्थानीय विशिष्टता र उद्यमशीलतामा आधारित स्थानीय पाठ्यक्रमको निर्माण गरी कार्यान्वयनमा जोड दिइनेछ ।
- दिर्घकालीन शैक्षिक नीति निर्माण , शैक्षिक संस्थाहरुको बैज्ञानिक व्यवस्थापन , नतिजामा आधारित नविनतम् क्रियकालाप सञ्चालन र स्रोत व्यवस्थापन एवम परीचालनका लागि पालिकास्तरीय एकिकृत शैक्षिक व्यवस्थापन सुचना प्रणाली (IEMIS) व्यवस्थापनमा जोड दिइनेछ । (शैक्षिक प्रोफाइल)

गोरीकला बुढा
उपाध्यक्ष

- सामुदायिक विद्यालयहरुलाई भुगोल, शिक्षक विद्यार्थी अनुपात, प्रभाव क्षेत्रको सम्भाव्यता र स्थानीय सरकारको नीति बमोजिम वित्तीय तथा शैक्षिक जनशक्तिको उच्चतम उपयोग गरी एउटै छानाभीत्र(बृहत विद्यालय) बाट शैक्षिक गुणस्तर सुनिश्चित गर्न विद्यालय मर्ज गर्ने नीति अवलम्बन गरीनेछ ।
- उच्चस्तरको शैक्षिक जनशक्ति उत्पादनमा तिला गाउपालिकालाई शैक्षिक हवका रुपमा विकास गर्न स्थानीय विशिष्टता, आवश्यकता,औचित्यतता, सम्भाव्यता र सामर्थ्र्यताका आधारमा मध्यपश्चिम विश्वविद्यालयबाट सम्बन्धन लिई स्नातक तह सम्मको बालिविज्ञान क्याम्पस स्थापनाका लागि सम्भाव्यता अध्ययन गरिनेछ ।
- शिक्षालाई समग्र विकासको पुर्वाधरका रुपमा विकास गर्न गाउँपालिका अध्यक्ष शैक्षिक सुधार कार्यक्रम सञ्चालन गरिनेछ ।
- **" शिक्षित सन्तान इश्वरको वरदान"** भन्ने अवधारणाको विकास गरी नानी बाबुहरुको शैक्षिक उन्नतिका लागि अभिभावकहरुलाई थप जवाफदेही बनाउन अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ ।
- विद्यार्थीहरुलाई सार्वजनिक सेवा प्रतिको सकारात्मक दृष्टीकोण विकास गराउन **एक दिन राष्ट्रसेवक कर्मचारी विद्यालयमा** कार्यक्रम सञ्चालन गरिनेछ ।
- विद्यार्थीहरुलाई प्रहरी प्रतिको सकारात्मक धारणा विकास गराई , ट्राफिक नियम र अन्य सार्वजनिक सुरक्षाका विषयमा सचेतनामुलक कार्यक्रम सञ्चालनका लागि **"एकदिन विद्यार्थीसंग प्रहरी कार्यक्रम"** सञ्चालन गरिनेछ ।
- विद्यालयको शैक्षिक गुणस्तरको सुधार एवमा पृष्ठपोषण सङ्कलनका लागि विद्यालय अनुगमन, तथा सुपरीवेक्षण कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

गोरीकला बुढा
उपाध्यक्ष

तिला गाउँपालिका
गाउँपालिकाको कार्यालय
लुम्बेली, जुम्ला
कर्णाली प्रदेश नेपाल

- तिलावासी भएकोमा गौरव गर्न सक्ने जनशक्ति उत्पादन गर्न ब्यवहारीक एवम् कार्यान्वयनयोग्य शिक्षा नीति निर्माण गरी सार्वजनिक शिक्षाको सवलीकरणमा जोड दिइनेछ।
- सार्वजनिक विद्यालयको गुणस्तर सुधारको मार्ग प्रसस्त गर्नेगरी १० बर्षे शिक्षा क्षेत्र विकास योजना (ESP) निर्माण गरिनेछ।
- पालिकास्तरमा प्राविधिक जनशक्तिको उपलब्धतालाई सहज बनाउन प्रदेश र स्थानीय तहको लागत साझेदारीमा (कृषि, बन, पर्यावरण, विज्ञान तथा प्रविधि, चिकित्सा, आयुर्वेद, पर्यटन, ईन्जिनियरिङ्ग, जल बिद्युत, नविकरणिय उर्जा लगायत विशिष्टिकृत विधामा)उच्च प्राविधिक अध्ययनको लागि छात्रबृत्ति कार्यक्रम सञ्चालन गर्ने नीति अवलम्बन गरीनेछ।
- उच्च शिक्षामा सबैको पहुँच अभिबृद्धि गरी शिक्षा पाउने नागरिकको संवैधानिक हकको सुनिश्चित गर्न निश्चित मापदण्डका आधारमा पालिका भीत्रका ५ जना गरीव, विपन्न तथा जेहेन्दार विद्यार्थीका लागि छात्रबृत्ती कार्यक्रम सञ्चालन गरीनेछ।
- नेपाल सरकारको निति अनुसार "चिनौ आफ्नो माटो बनाऔ आफ्नो देश "को मुल मन्त्र अनुसार स्नातकोत्तर गरेका बेरोजगार युवालाई विकाश निर्माण तथा शैक्षिक सुधारका लागि स्वंयमसेवकका रुपमा गाउँ पालिका भर परिचालन गरिने
- हरित विद्यालयको अवधारणा अनुरुप एक विद्यालय एक करेशावारी कार्यक्रम सञ्चालनमा जोड दिइनेछ।
- समुदायमा कृषि प्रविधिको हस्तान्तरण गर्ने उदेश्यका साथ विद्यालय र पालिकाको लागत साझेदारीमा एक कृषि प्राविधिक विद्यार्थी एक प्लाष्टिक टनेल कार्यक्रम संचालनमा जोड दिइनेछ।



गोरीकला बुढा
उपाध्यक्ष

तिला गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय लुपडेली, जुम्ला कर्णाली प्रदेश नेपाल

तिला गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
दुधकुण्डी, जुम्ला
कर्णाली प्रदेश नेपाल

- प्राविधिक धार तर्फको बि एस सी एजि को पठनपाठन संचालन गर्नका लागि आवस्यक प्रकृया को थालनी गरिनेछ ।
- तिला गाउँपालिका भित्र रहेका सामुदायीक विद्यालयहरुमा स्थानीय पाठ्यक्रमको ढाँचा सँगै पाठ्य पुस्तक तयार गरी कार्यान्वयन गरिनेछ ।
- स्थानीय शैक्षिक सामग्री निर्माण तथा प्रयोगलाइ प्रोत्साहन दिइनेछ ।
- विद्यालयमा वालमैत्री वातावरण तथा वालकेन्द्रित विधिलाइ वढाव दिइनेछ।
- विद्यालय सुधार योजना निर्माण अध्यावधिक तथा कार्यान्वयनमा जोड दिइनेछ ।
- एक विद्यालय एक ल्यापटपको अबधारणा लाइ अगाडि बढाइनेछ।
- अनाथ टुहुरा तथा जेहेन्दार विद्यार्थीहरुलाइ आवस्यक सहयोग गरि शैक्षिक पहुँच बृद्धि गरिनेछ ।
- शिक्षकहरुलाइ नयाँपाठ्यक्रम कार्यान्वयन तथा उच्च शैक्षीक उपलब्धिका लागि क्षमता विकासमा जोड दिइनेछ ।
- विद्यालयको कुशल नेतृत्वको भूमिका निर्वाहगरि चिट मुक्त विद्यालय घोषणा सँगै उच्च शैक्षिक उपलब्धि हाँसिल गर्ने विद्यालय तथा प्रअ लाइ पुरस्कृत गरिनेछ।
- गाउँपालिका स्तरिय परीक्षामा उत्कृष्ट नतिजा ल्याउने विद्यालय तथा विद्यार्थीलाइ प्रोत्साहन तथा पुरस्कृत गरिनेछ।
- विद्यालय बाहिर रहेका विद्यालय उमेरका सम्पूर्ण वालबालिकाहरुको तथ्याङ्क संकलन गरि आवस्यक स्टेशनरी सहयोग गरि विद्यालयको पहुँचमा ल्याइनेछ ।
- दरबन्दी तथा प्र अ मिलान कार्यलाइ तदारुपताका साथ अगाडि बढाइनेछ ।
- गाउँपालिका अन्तर्गत प्राविधिक धार पठनपाठन हुने विद्यालयहरुमा प्रत्येक वडाबाट २ जना विद्यार्थीहरु लाई छात्रवृति व्यवस्था गरी अध्ययन गराईनेछ।



गोरीकला बुढा
उपाध्यक्ष

तिला गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय जुम्ला, दुम्डेली, कर्णाली प्रदेश नेपाल

**स्वास्थ्य :**

- गत आ. व. को नीति तथा कार्यक्रम अनुसार यस तिला गाउँपालिकामा आयुर्वेद औषधालय स्थापनाको लागि कर्मचारी नियुक्ति गरिएको छ । औषधालयको व्यवस्थापनको लागि यस आ. व. मा बजेट विनियोजन गरिनेछ । गाउँपालिका भित्र उपलब्ध जडीवुटीको सदुपयोग गर्दै आयुर्वेद औषधालयलाई व्यवस्थित गरिनेछ ।
- गाउँपालिकाका सबै नागरिकहरुलाई निःशुल्क आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवाप्रवाहको सुनिश्चित गरिनेछ ।
- गाउँपालिका भित्र रहेका क्षय तथा कुष्ठरोगका बिमारीहरुको पहिचान गरी तथ्याङ्क संकलन गरिने छ । गाउँपालिका अन्तर्गत रहेका स्वास्थ्य संस्थाहरुको तथ्याङ्क विश्वसनिय गुणात्मक रुपमा प्रविष्ट गरिने छ ।
- गाउँपालिका भित्र विशेषज्ञ स्वास्थ्य सेवाको पहुँचलाई सहजीकरण गर्न न्युनतम पूर्वाधार सहितको निदानात्मक सेवाको ब्यवस्था तथा विस्तार गरिने छ ।
- स्वास्थ्य सेवालाइ सहज, सर्वसुलभ र प्रभावकारी बनाउन गाउँपालिका भित्र एक अस्पताल तथा जनसंख्या र भूगोलका आधारमा आवश्यक स्वास्थ्य संस्था / केन्द्र हरुको ब्यवस्था गरिनेछ । गुणस्तरिय औषधि, औषधीजन्य सामाग्री, औजार तथा उपकरणहरुको यथोचित व्यवस्था गरि प्रभावकारी उपयोगलाई सुनिश्चित गरिने छ ।
- स्वास्थ्य क्षेत्रको जनशक्ति व्यवस्थापनलाई थप प्रभावकारी बनाइनेछ । कर्मचारीहरुको सीप बिकास तथा बिस्तार गर्न समयानुकुल आवश्यक



गोरीकला बुढा
उपाध्यक्ष

तालिमको व्यवस्थापनका साथै, स्वास्थ्यकर्मीको सुरक्षाको प्रत्याभुति गरिनेछ।

- स्वास्थ्य सेवा प्रणालीलाइ सवल, सक्षम र सुदृढ बनाउन समयानुकुल प्रविधिमैत्री बनाउदै लगिनेछ। स्वास्थ्य सेवाको प्रभावकारी ब्यवस्थापन गर्न प्रचलित सुचना प्रणालीलाई एकीकृत गरी सुदृढ र प्रविधिमैत्री बनाइनुका साथै स्वास्थ्य अनुसन्धानलाई प्रबर्द्धन गरिनेछ। सुचनाका आधारमा तथ्यमा आधारित स्वास्थ्य क्षेत्रको नीति, रणनीति र योजना निर्माण गरिनेछ।
- स्वास्थ्य बीमा कार्यक्रमलाई प्रभावकारी बनाउदै सिमान्तकृत र वञ्चितिमा परेका नागरिकको स्वास्थ्य उपचारमा पर्ने ब्यक्तिगत ब्ययभार कम गरिनेछ। सरकारी तथा निजी क्षेत्रबाट संचालित स्वास्थ्य सेवाको गुणस्तर सुनिश्चित गर्न प्रभावकारी समन्वय, सहकार्य, अनुगमन तथा नियमन गर्ने ब्यवस्था मिलाइनेछ।
- जुनोटिक, किटजन्य रोग तथा जनस्वास्थ्य रोगहरुको रोकथाम, नियन्त्रण, निवारण र महामारी नियन्त्रण तथा विपद व्यवस्थापनका लागि साझेदारहरुसँगको समन्वयमा योजना बनाइ प्रभावकारी कार्यान्वयन गरिनेछ।
- स्वास्थ्य क्षेत्रमा गाउँपालिकाको लगानी बृद्धि गर्दै संघ, प्रदेश तथा अन्य क्षेत्रको लगानीलाई व्यवस्थित गरी स्वास्थ्य सेवामा जनताले व्यक्तिगत खर्च गर्नुपर्ने अवस्थालाई न्यूनीकरण गर्दै लगिनेछ।
- स्वास्थ्य क्षेत्रमा सुशासन कायम गर्दै स्वास्थ्य सेवालाई गुणस्तरीय, जवाफदेहिता, सृजनशिल जनमुखी एवं परिणाममुखी बनाउदै लगिनेछ।
- गाउँपालिका बासीको पोषण अवस्था सुधार गर्न स्थानीय स्तरमा उत्पादन हुने (रैथाने) खाद्यबस्तुलाई प्रवर्धन गर्दै गुणस्तरीय, स्वास्थ्यबर्द्धक र पौष्टिक खानाको पहुँच र उपभोगमा बृद्धि गरिनेछ।



गोरीकला बुढा
उपाध्यक्ष

- फोहरमैलाको उचित व्यवस्थापन, पेशागत स्वास्थ्य सुरक्षा, सरसफाई र स्वच्छतालाई प्रवर्द्धन र ब्यवस्थापन गरी गाउँपालिकावासीको स्वच्छ वातावरणमा बाँच्न पाउने अधिकार सुनिश्चित गरिनेछ।
- प्रशुति केन्द्रमा कार्यरत नर्सिङ्ग स्टाफहरुलाई प्रोत्साहनको व्यवस्था गरिनेछ। गाउँपालिकामा आकस्मिक प्रशुति कोष खडा गरिनेछ। महिला स्वास्थ्य स्वयं सेवकहरुको सेवा व्यवस्थित गरिनेछ।
- जनसांख्यिक स्थिती र वितरणको आधारमा स्वास्थ्य सेवा र कार्यक्रमहरु तर्जुमा गरिनेछ।
- संस्थागत प्रसुति गर्नका लागि बर्थिङ्ग सेन्टर स्थापना गरिने छ। सुरक्षित मातृत्व कार्यक्रम संचालन अन्तर्गत बर्थिङ्ग सेन्टरमा सुत्केरी हुने महिलाहरुलाई सुत्केरी यातायात तथा गर्भजाँच उत्प्रेरणा खर्च बर्थिङ्ग सेन्टर बाट डिस्चार्ज भएर जादाँ उपलब्ध गराउनका लागि प्रत्येक बर्थिङ्ग सेन्टरमा अक्षयकोष खडा गरिनेछ।
- अति विपन्न व्यक्तिहरु लाई स्वास्थ्य बिमाको व्यवस्था गरिनेछ।

**पूर्वाधार तथा वातावरण व्यवस्थापन :**

- तिला गाँउपालिकाको पूर्वाधार शाखा अन्तरगत कार्यरत कर्मचारीहरुलाई कार्य प्रगती सुदृढ र समुचित ढङ्गले गर्न, क्षमता विकास तालिम, अध्ययन तथा अनुसन्धान खर्च, व्यवस्थापन गरिने छ।
- तिला गाँउपालिकाका पूर्वाधार शाखामा आवश्यक पर्ने औजार तथा सामग्रीहरु खरिद गर्न आवश्यक बजेटको व्यवस्था गरिने छ।
- तिला गाँउपालिकाका पूर्वाधार शाखा अन्तरगत कार्यरत कर्मचारीहरुलाई प्रोत्साहन स्वरुप मासिक रुपमा फिल्ड भत्ताको व्यवस्था गरिने छ।



गोरीकला बुढा
उपाध्यक्ष

- योजना तथा कार्यक्रम कार्यान्वयन सम्बन्धि अभिमुखिकरण/ तालिम/ गोष्ठी कार्यक्रम सन्चालनमा लाग्ने खर्च, ईन्धन, सवारी मर्मत गर्दा लाग्ने खर्चको व्यवस्था गरिने छ।
- स्थानीय तह वा अन्य निकायको असल अभ्यास/ सिकोको अनुशरण सम्बन्धि अध्ययन/ अवलोकन, भ्रमण खर्चको व्यवस्था गरिने छ।
- प्राबिधिकलाई आवश्यक पर्ने सूचना प्रकाशन, स्टेशनरी, फर्निचर, फोटोकपी, प्रिन्टर्स, कम्प्युटर खरिद सम्बन्धि खर्च व्यवस्थापन गरिने छ।
- उपभोक्ता समितिलाई कार्य सन्चालन सम्बन्धि आवश्यक तालिमको व्यवस्था मिलाईने छ।
- हरियाली सडक निर्माणको लागि पहल गरिनेछ।
- यस स्थानीय तहमा रहेका स्थानीय पूर्वाधारको दीगो संचालन हेतु पालिका स्तरीय स्थानीय पूर्वाधार मर्मत संभार सहयोग कोष स्थापनाका लागि एकमुष्ट रु ५२ लाख ८० हजार विनियोजन गर्ने र कोष संचालनका निम्ति आर्थिक वर्ष २०७९/०८० को प्रथम चौमासिक भित्र कार्यविधि तयार गरी पारित गरिनेछ।
- स्थानीय पूर्वाधार सहयोग कार्यक्रम कर्णाली पाईलटद्वारा क्षमता अभिवृद्धि तथा प्रणाली सुधारका निम्ति प्राप्त हुने प्राविधिक तथा आर्थिक स्रोत स्वीकार गर्ने र पाईलटको सहयोगमा स्थानीय पूर्वाधार विकासलाई प्रभावकारी एवंम जलवायु उत्थानशिल बनाउन आवश्यक पर्ने विभिन्न कानुनी, नीतिगत र प्रकृयागत कुराहरुमा आवश्यक थपघट संशोधन/सुधार क्रमश गर्दै लगिनेछ।
- आगामी आर्थिक वर्ष २०७९/०८० मा स्थानीय पूर्वाधार सहयोग कार्यक्रम कर्णाली पाईलटसँग संयुक्त रुपमा स्थानीय पूर्वाधार विकासका विभिन्न



गोरीकला बुढा
उपाध्यक्ष

तरिका, साधन र विधि प्रयोग गर्ने तथा स्थानीय पूर्वाधार विकास क्रियाकलापको अनुगमन, मूल्याङ्कन तथा सिकाईमा जोड दिईनेछ ।

- आगामी आर्थिक वर्ष २०७९/०८० मा स्थानीय तहमा रहेका बेरोजगारहरुको बहुआयामिक सूचक बनाई पहिचान एवंम सूचिकृत गर्नुका साथै उनीहरुलाई पूर्वाधार विकासका क्षेत्रको माध्यमबाट रोजगार प्रदान गरिनेछ ।

**महिला तथा बालवालिका :**

- महिला तथा बालबालिका शाखासँग सम्बन्धित नीति, कार्यविधि, निर्देशिका हरु तयार गरी कार्यान्वयनमा ल्याईनेछ । वार्षिक कार्यक्रमहरुको प्रगति प्रतिवेदन किताब प्रकाशन गरिनेछ ।
- महिला निगरानि समुहलाइ सक्रिय बनाइ लैंगिक हिंसा तथा घरेलु हिंसाका घटनाहरुलाइ न्यूनिकरण गर्न उनीहरुको क्षमता विकास गर्ने कार्यक्रमहरु संचालन गरिने छ ।
- लैंगिक हिंसा विरुदको १६ दिने अभियान दिवसिय कार्यक्रम ज्येष्ठ नागरिक सम्मान अपांगता परिचयपत्र वितरण कार्यक्रमलाइ निरन्तरता दिइनेछ।
- शाखाको कामलाइ व्यावस्थित गर्न ल्याप्टप प्रिन्टर तथा इन्टरनेट जडान गरि सेवालाइ व्यावस्थित गरिनेछ।
- महिला जनप्रतिनिधि कर्मचारि अगुवा महिलाहरलाइ उद्धेषण तालिम गरि उनिहरुको क्षमता विकास गरिनेछ।
- बढ्दो सूचना प्रविधिको सदुपयोग सम्बन्धि किशोर किशोरीलाइ सचेतना कार्यक्रम सञ्चालन गरि सभ्य समाजको निर्माणमा टेवा पुराइनेछ।

गोरीकला बुढा
उपाध्यक्ष

- महिला तथा किशोरिहरुलाइ प्रजनन स्वास्थ्य गर्भपतन फिस्टुला पाठेघर खस्ने सम्बन्धि सचेतना कार्यक्रम गरिनेछ।
- व्यावसायिक सिप विकास तालिम लिएका महिलाहर लाइ थप व्यावसाय मा टेवा पुराउन घुम्ति कोष परिचालन गरि महिलाहरुलाइ आर्थिक रुपमा सक्षम बनाइनेछ।
- लैंगिक हिंसा पिडित महिलाहरुलाइ राहत तथा उद्दार गर्न कोषमा रकम जम्मा गरि परिचालन गरिनेछ।
- समाजमा हुने बिकृति बिसंगतिहरुलाइ न्यूनिकरण गर्न तथा महिला, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरु र बालबालिकाहरु प्रति गर्ने व्यवहार प्रति सचेत गराउन रेडियो सचेतना कार्यक्रम दारा सचेतना फैलाइ सभ्य समाजको निर्माण गर्न टेवा पुराउने।
- विभिन्न साझेदार संघसंस्थाहरु सँग समन्वय गरि आवश्यक कार्यक्रमहरु गरिनेछ।
- खानेपानी तथा सरसफाई स्वच्छता र जैविक विविधतालाई ध्यानमा राखी लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका कार्यक्रमहरु संचालन गरिनेछन ।
- नेपालले २०२८ सम्म नेपाल राष्ट लाइ बाल मैत्रि देश निर्माणा गरी देश लाइ नै बाल मैत्रि देश घोषर्णा अभियानमा जुटिरएको बेला तिला गाउँपालिकाले पानि ऐनको अधिनमा रहि गाउँपलाका का वडा नं ६ र ८ लाइ आ ब २०७९/२०८० भित्र बाल मैत्रि वडा घोषर्ण गरिने छ।
- आ ब २०७९/२०८० भित्र गाउँपालिकाले वडा नं १ देखि ९सम्म मा बाल बिबाह मुक्त वडा निर्माण गरी देश लाइ उच्च छबि कायम गरिनेछ ।

गोरीकला बुढा
उपाध्यक्ष



तिला गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय जुम्ला, नेपाल

तिला गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
डुण्डेली, जुम्ला
कर्णाली प्रदेश नेपाल

- गाउँ पालिकामा रहेका सम्पुण बाल बालीका लाइ शिक्षा हाँसिल गर्नको लागी बिध्यालयमा भर्ना नभएका बाल बालिका लाइ अनिवार्य विद्यालय भर्ना गर्ने अभियान सन्चालन गरिनेछ ।
- बाल मैत्रि समाज निर्माण गर्नको लागि अबिभाबक , बिध्यालय शिक्षक र दातृ निकायमा समोन्वय गरी घर देखि समाजमाज सम्म बाल मै समुदाय निर्माण गरिनेछ ।
- आमा बाबु र नजिकको नातेदार नभै शिक्षा स्वास्थ्य लगाएत गाँस बास र कपास को समस्या मा रहेका बाल बालिका लाइ आधारभुत आबसेकता परीपुर्ति गर्नकालगि सम्बन्धित पक्ष संग सरोकार राखि ब्याबस्थापन गर्न पहल गरिनेछ ।
- सडक बालबालिका हरुको पहिचन गरी बाल संरक्षण गृह तथा अन्य सरोकार वाला पक्ष संग समोन्वय गरी ब्याबस्थापन गर्न पहल गरिनेछ ।
- कुलदमा लगेका बाल बालिकाको पहीचान गरी बाल सुदार गृहमा राखन सम्बन्धीत सरोकार वाला पक्ष संग समोन्वय गरी ब्याबस्थापन गर्न पहल गरिनेछ ।
- पालिका भरीका बिद्यालयहरु संग समन्व्य गरी बाल बिबाह नियूनिकरण सम्बधी गोष्ठि को आयोजनाले बाट बाल बिबाह गर्न निरुत्साहित गर्ने छ ।
- पालिकामा गठन भएका वडा नं १ देखी ९ सम्मका बाल कलब हरु लाइ बैठक आहवान , बैठक ब्याबस्थापन तथा बैठक सन्चालन र अभिलेखि करण स्वयमले गर्न सक्ने हुने छन् ।
- पालिका स्तर र वडा स्तरमा हुने गोष्ठि, सेमिनार, तालिम, बैठकलगाएतका कार्यक्रममा पुण रुपमा अर्थ पुण सहभागीता गराइने छ ।
- असाय/अपाङ्ग भएका बाल बालीकाहरु लाइ अध्ययन अध्यापनका लगि बिषेश सहयोग कार्यक्रम ल्याईने छ ।



गोरीकला बुढा
उपाध्यक्ष

- बाल बालिकालाई जिबन उपयोगी सिप सम्बन्धी तालिम लिएर उक्त क्षेत्रमा लाग्न प्रेरणा दिईनेछ।
- बाल बालिकाहरु लाई आत्म रक्षा सम्बन्धी तालिम दिन पहल गरिनेछ ।
- बाल संरक्षण कोषको व्यवस्था गरिनेछ ।

**बहुक्षेत्रीय पोषण योजना(MSNP) :**

आगामी आ.ब. २०७९।०८० को लागि यस तिला गाउँपालिकामा बहुक्षेत्रीय पोषण योजना (MSNP) कार्यान्वयनको लागि निम्न नीति अबलम्बन गरिनेछ ।

- यस तिला गाउँपालिकामा महिला, किशोरी र बालबालिकामा हुने कुपोषणको अबस्थामा सुधार ल्याउने उद्देश्यका साथ बहुक्षेत्रीय पोषण योजनालाई प्राथमिकताका साथ कार्यान्वयन गर्नलाई यस आबका लागि यस तिला गाउँपालिकालमा सत. प्रतिसत वा ४० लाख रकम समपुरक कोष (Matching fund) को व्यबस्था गरिनेछ ।
- बहुक्षेत्रीय पोषण योजना अन्तरगत पोषण मैत्री स्थानीय शासन(NFLG) अबलम्बन गर्न पोषण मैत्री वार्ड घोषणाका लागि बिशेष अभियान सन्चालन गरिनेछ । यस्का लागि एक वडा, एक पोषण मैत्री नमुना गाउको अभियान यसै बर्षबाट कार्यान्वयन गरिनेछ । वडाले प्राप्त गर्ने बजेटबाट समेत बजेट बिनियोजन गरी वार्ड घोषणा अभियानलाई बिशेष प्राथमिकतामा राखि कार्य गरिनेछ । यस बर्ष कुनै १ वार्डलाई पोषण मैत्री वार्ड घोषणा गरिनेछ ।
- नेपालका महिला, किशोरी र बालबालिकामा हुने कुपोषणको अबस्थामा सुधार ल्याउने उद्देश्यले नेपाल सरकारको प्राथमिकतामा रहेको बहुक्षेत्रीय पोषण योजना कार्यान्वयनलाई उच्च प्राथमिकतामा राखिनेछ । सोही अनुरुप आ.ब.को २०७९।०८० को लागि नेपाल सरकारबाट प्राप्त हुने बजेट र यस गाँउपालिकाले छुट्र्याएको समपुरक रकम समेतलाई बिषयगत तथा क्षेत्र गत



गोरीकला बुढा
उपाध्यक्ष

तिला गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय
दुन्धेली, जुम्ला
कर्णाली प्रदेश नेपाल

बिनियोजन गरी पोषण सुधारको लागि तोकिएको क्रियाकलापमा खर्च गरिनेछ।

- बहुक्षेत्रीय पोषण योजनाले निदृष्ट गरेका उपलब्धी तथा प्रतिफल प्राप्तीको लागि बिषयगत शाखा र साझेदार निकायहरुसंग मिलेर पोषण लक्षित र सम्बेदनशिल क्रियाकलाहरु सन्चालन गरिनेछ र महिला बालबालिका लक्षित कार्यक्रम जस्तैः बाल पोषण अनुदान, खोप कार्यक्रम, बाल मैत्री स्थानीय शासनमा आदिमा समेत बहु क्षेत्रीय पोषण योजनालाई समाबेश गर्दै लगिनेछ।
- गाँउपालिकाको पोषण सम्बन्धी सुचना, तथ्यांकहरुको व्यबस्थापनको कमी भएको कुरालाई महशुस गर्दै गाँउपालिकामा पोषणको क्षेत्रमा कार्यरत संघसंस्थाहरुको सहकार्यमा नगरपालिका स्तरीय पोषण पाश्र्व चित्र( Nutrition Profile) यसै बर्ष भित्र तयार गरिनेछ।
- समाजमा बिद्यमान कुरुती जस्तैः छाउपडी, बाल बिबाह र छुवाछुत जस्ता संस्कार र बिकृती अन्त्यका लागि ठोस नियम बनाई कार्यान्वयन गरिनेछ।
- सबै स्तरमा बहुक्षेत्रीय पोषण योजना तर्जुमा गरी त्यसको प्रभावकारी कार्यान्वयन तथा अनुगमन, सुशासन र पारदर्शिताको सुनिश्चितता गरिनेछ।

**घटना दर्ता सम्बन्धी नीति तथा कार्यक्रम**

- राज्यमा वसोवास गर्ने प्रत्यक व्यक्तिका महत्यपूर्ण घटनारहरु जन्म,मृत्यु,विवाह,वसाईसाराई र सम्बन्ध विच्छेद गरी पाँच किसिमका घटनालाई रेकर्ड राख्ने,भण्डारण गर्ने,उपयोग गर्ने तथा वितरण गर्ने कार्यलाई यस तिला गाउँपालिकाले Online प्रणाली सुरु गरी सकेकोले यसलाई थप प्रभावकारी बनाउने नीति लिईनेछ।



गोरीकला बुढा
उपाध्यक्ष

- घटना दर्ता कार्यलाई उपलब्धिमूलक बनाउन जनप्रतिनिधी तथा कर्मचारीहरुलाई अझ जिम्मेवारी बनाउन चेतनामूलक कार्यक्रम सञ्चालन गर्ने नीति पालिकाले लिनेछ।
- प्रत्यक नागरिकलाई जीवनका महत्यपूर्ण घटनाहरुलाई दर्ता गर्न अझ सहज बनाउन आ व ०७९।०८० मा अर्धवार्षिक रुपमा घटना दर्ता शिविर सञ्चालन गरिनेछ।
- व्यक्तिगत घटना दर्ता सम्बन्धी कार्यक्रमलाई महत्व र अनिवार्यता वारे स्थानीय तहका पदाधिकारी तथा सम्बन्धित कर्मचारीलाई वोध गराउन प्रशिक्षण दिने तथा प्रचार प्रसार गर्ने नीति लिईनेछ।
- पञ्जिकरण कार्यक्रमलाई प्रभावकारी तुल्याउन योजना तर्जुमा कार्यान्वयन,अनुगमन तथा मूल्यांकन गर्ने कार्यक्रम सञ्चालन गर्नेछ।
- घटना दर्ता सम्बन्धी प्रत्यक वडामा नागरिक वडापत्र राख्ने व्यवस्था मिलाईनेछ।
- घटना दर्ता सम्बन्त्धी १ दिने विद्यालयीय कार्यक्रम सञ्चालन गरिनेछ।
- स्वास्थ्य संस्थामा जन्मेका शिशुको सोही स्थानमा Online मार्फत घटना दर्ता निवेदन दिई ३५ दिन भित्र प्रमाणपत्र दिने व्यवस्था लागू गर्न छलफल तथा गोष्ठी गरिनेछ।
- आ व ०७९।०८० को अन्तसम्ममा तिला गाउँपालिकाका सवै वडामा जन्म दर्ता दरलाई १००% पुर्याउने र अन्य घटना दर्ता दरलाई उल्लेख्य रुपमा वृदि गर्दै गर्ने प्रतिवदता लिईनेछ।

तिला गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय हुप्डेली, जुम्ला कर्णाली प्रदेश नेपाल

गोरीकला बुढा
उपाध्यक्ष

## सामाजिक सुरक्षा नीति तथा कार्यक्रम

- सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी बनाउन अनुगमन तथा अनुशिक्षण कार्यक्रम सञ्चालन गरिनेछ।
- बैंकिङ प्रणाली मार्फत वितरण भईरहेको सामाजिक सुरक्षा भत्ता वितरण कार्यक्रम वारे जानकारी गराउन वर्षको २ पटक अर्धवार्षिक रुपमा समिक्षात्मक गोष्ठी सञ्चालन गरिनेछ।
- सामाजिक सुरक्षा भत्ता पाउने सवै लाभग्राहीहरुको विवरण अध्यावधिक गर्न MIS-Online प्रविष्ट गर्ने, नाम दर्ता गर्ने, लगत कट्टि गर्ने, नविकरण गर्ने कार्यलाई प्रभावकारी बनाउन कार्यक्रम सञ्चालन गरिनेछ।
- वडा कार्यालयलाई थप जिम्मेवारी हुने कुरालाई मध्यनजर गरी वडा सचिव तथा प्रतिनिधिलाई सन्देसमूलक कार्यक्रम सञ्चालन गरिनेछ।
- यस तिला गाउँपालिकामा रहेको नबिल बैंक सँग समन्व्य गरि यस गाउँपालिकाका दुर्गम वडा ५, ६, ७, ८ र ९ का वडाहरुका सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरु लाई सम्बन्धित वडामै भत्ता वितरण गर्ने पहल गरिनेछ।

## अपाङ्ग पुर्नस्थापना संजाल :

- अपांगता भएका व्याक्तिको अवस्था पहिचान गरि सीपमूलक तालिमको व्याबस्था गरिने छ।
- अपांगता भएका व्याक्तिहरुलाई जनचेतना मूलक कार्यक्रमको व्यवस्था गरिने छ।
- अपांगता भएका व्याक्तिहरुको अवस्था पहिचान गरि अपांग साहयता सामानको व्यबस्था गरिने छ।



गोरीकला बुढा
उपाध्यक्ष

- विगत स्वसस्त्र द्वन्दको समयमा घाइते तथा अपाङ्ग व्यक्तिहरुलाई पहिचान गरि प्रथामिकता दिइने छ ।

**रोजगार सेवा केन्द्र :**

- स्थानीय स्तरमा रोजगारीको प्रवर्द्धनका लागी सार्वजनिक निर्माणका कार्यहरुमा सम्भव भए सम्म श्रममूलक प्रविधिको प्रयोग गरिने छ । स्थानीय तहमा सन्चालन हुने सार्वजनिक निर्माण कार्य तथा व्यवसायिक सिपमूलक तालिमहरुमा रोजगार व्यवस्थापन सुचना प्रणालीमा सूचिकृत भएका बेरोजगार व्यक्तिलाई प्राथमिकता गरिने छ ।
- रोजगारी सिर्जनाका लागी अन्तरक्षेत्रगत तथा अन्तरतहगत समन्वय गरिने छ।
- सीपमूलक तालिम मार्फत बजारको माग अनुरुपको श्रमशक्ति विकास र आपुर्ति गरिने छ ।
- रोजगारी श्रृजनामा निति,सहकारी तथा सामुदायिक क्षेत्र संग सहकार्य गरिने छ ।
- सवै नागरिकलाई न्यूनतम रोजगारीको प्रत्याभुती हुने गरी मौलिकहकमा रहेको रोजगारीको हकको कार्यान्वयन गरिने छ ।
- कार्यक्रमलाई थप प्रभावकारी तथा दिगो बनाउन रोजगार श्रृजना कार्यक्रमको लागी २० प्रतिशत लागत साझेदारी (म्याचिङ्ग फण्ड) बजेट विनियोजन गरी कार्यान्वयन गरिने छ ।

**खानेपानी तथा सरसफाई:**

- स्वच्छ खानेपानिमा तिलाबासीको पहुँच अभिवृद्धि गरिनेछ ।
- कम्तिमा प्रत्येक वडामा एउटा खानेपानी आयोजनाको संभाव्यताको अध्ययन गरी यथासम्भव रुपमा खानेपानी आयोजना संचालनमा ल्याइनेछ ।
- एक घर एक धारा नीति अवलम्वन गरिनेछ ।



गोरीकला बुढा
उपाध्यक्ष

**संस्कृति प्रवर्द्धनः**

- तिला गाउँपालिकाको कला, संस्कृति, भाषा, धर्म र सम्पदाको संरक्षण एवं विकासलाई जोड दिइनेछ।
- गाउँपालिकामा रहेका पुरातात्विक महत्वका बस्ती, संरचना, मठ मन्दिर, गुफा, शिलालेख जस्ता ऐतिहासिक धरोहरको पहिचान गरी संरक्षण प्रवर्धनका लागि अभिलेखिकरण र दस्तावेजीकरण गरिनेछ।

**लैंगिक समानता तथा सामाजिक समावेशीकरणः**

- लैंगिकताको आधारमा कसैलाई भेदभाव गरिने छैन साथै यस गाउँपालिकाले लिने हरेक नीतिहरुमा लैंगिक समानतालाई प्रवर्द्धन गरिनेछ।
- यस गाउँपालिकाबाट प्रवाह हुने हरेक सेवा सुविधामा महिलालाई विशेष प्राथमिकता दिइनेछ।
- महिला, दलित, अल्पसंख्यकहरुको क्षमता विकासका लागि सशक्तिकरणका कार्यक्रम संचालन गरीनेछ।
- लक्षित वर्ग लाई समानुपातिक समावेशि सिद्दान्तको आधारमा क्षमता अभिवृद्धि, रोजगारी र गाउँपालिकाको अन्य श्रोत बाडँफाडँ र उपभोगका अवसरहरुमा प्रतिनिधित्व र सहभागी गराईने छ।
- दलित गरिब महिला अश्क्त विद्यार्थीहरु लाई ट्यूसन शिक्षाको व्यवस्था गरिनेछ।
- जातिय विभेद जस्ता कुरिती र कु-संस्कारको अन्तय गरिनेछ।



गोरीकला बुढा
उपाध्यक्ष

३. **भौतिक पूर्वाधार विकास :-**

योजना शाखाको आ. व. २०७९/८० को नीति तथा कार्यक्रम र बजेट योजना तर्जुमा गर्दा नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन , अन्तरसरकारी वित्तीय हस्तान्तरण ऐन लगायत अन्य ऐन हरु र दिगो विकास लक्ष्यहरु हासिल गर्ने गरि अनुसार योजना तर्जुमा गरिनेछ । योजना तर्जुमा गर्दा खानेपानी, सरसफाई, जैविक विविधता संरक्षण र लैंगिक समानता र समावेशीकरणलाई जोड दिएर बनाइनेछ ।

- आ.व. २०७९/८० मा टुक्रे योजनालाई घटाईनेछ । कुल बजेटको ३०% भन्दा बढी गरिनेछैन ।
- योजना कार्यान्वयनलाई प्रभावकारी बनाउन कार्ययोजना बनाई गरिनेछ । उदारणको लागि

१ भदौ पहिला वडामा पत्राचार हप्ता भित्र उपभोक्ता समिति गठन,

२ भदौ दोस्रो हप्तामा अभिमुखिकरण तालिम संचालन गरिने ।

३ सम्झौता : पौष मसान्त भित्र

४ माघ बाट मौसमले साथ दिए सम्म निरन्तर कार्यान्वयन गरिने ।

५ जेठ देखि असार १८ गतेसम्म भुक्तानीको काम समापन गर्ने ।

६ योजना कार्यान्वयन पक्षलाई प्रविधिमैत्री तुल्याउन योजना सम्बन्धि सफ्टवेयरको खरिद गरिने । यसको लागि आवश्यक बजेट व्यवस्था गरिने।

७ योजनाको अनुगमन निरन्तर गरिनेछ र योजना अनुगमनलाई नतिजामा आधारित बनाईनेछ । यसको लागि वडा अनुगमन समिती र गाउँपालिका स्तरीय अनुगमन समितिलाई सक्रिय बनाईनेछ ।



गोरीकला बुढा
उपाध्यक्ष

८ अनुगमन तथा सुपरिवेक्षण समितिले योजना अनुगमन गरे पश्चात् अनुगमन रिपोर्टमा फिल्डैमा हस्ताक्षर गरि अनुगमन रिपोर्ट प्रमुख प्रशासकीय अधिकृतलाई अनुगमन समितिको संयोजकद्धारा पेस गरिनेछ। जसले उपभोक्ता समितिले अनुगमन समितिका पदाधिकारी खोज्दै हिड्ने प्रवृतिको अन्त्य गरिने ।

९ अनुगमन गर्दा उपभोक्ता समितिलाई फिल्डमा नै आवश्यक सल्लाह सुझाव दिईनेछ ।

१० भुक्तानी पद्दतीलाई आवश्यक प्रक्रिया पूरा भएमा छिटोछरितो गरिनेछ ।

- योजना शाखाबाट प्रवाह गरिने सेवा प्रवाहलाई सरल, छिटो छरितो एवं प्रभावकारी बनाउन सरोकारवाला सबैसँग आवश्यक सहकार्य समन्वय गरिनेछ । सकेसम्म फाईल घुम्ने दुरिलाई घटाइनेछ।
- उपाध्यक्ष, वडा अध्यक्ष र वडा सचिवलाई योजना कार्यान्वयन सम्बन्धि अभिमुखिकरण कार्यक्रम सञ्चालन गरिने, यसले योजना कार्यान्वयन सम्बन्धि आवश्यक ज्ञान अभिवृद्धि गर्नेछ र योजना कार्यान्वयनलाई प्रभावकारी बनाउनमा यो अभिमुखिकरणले कोशेढुंगाको रुपमा काम गर्नेछ ।
- मर्मत सम्भार कोष कार्यविधि तयार गरि निकट भविष्यमै हुने कार्यपालिका को बैठकबाट पारित गरि मर्मत सम्भार कोषको लागि आवश्यक बजेट बिनियोजन गरिनेछ र मर्मत सम्भार गरिने योजनाको लागि सो कोषबाट बजेट व्यवस्थापन गरिनेछ । यसको लागि आवश्यक बजेट बिनियोजन गरिने ।
- उपभोक्ता समिती गठन, सञ्चालन कार्यविधी, २०७४ लाई परिमार्जन गरि थप व्यवस्थित बनाइनेछ ।
- तिला गाउँपालिकालाई निकट भविष्यमै विकासमा नमूना बनाउन हर प्रयास गरिनेछ। आ. व. को अन्त्य पश्चात साउन पहिलो हप्ताभित्र योजना



गोरीकला बुढा
उपाध्यक्ष

तिला गाउँपालिका
गाउँपालिकाको कार्यालय
उपडेली, जुम्ला
कर्णाली प्रदेश नेपाल

कार्यान्वयनको प्रवाभकारिताको सवालमा कर्मचारी, जनप्रतिनिधि, उपभोक्ताहरु लगायत सरोकारवाला बीच वसमिक्षा कार्यक्रम संचालन गरिनेछ । सो बाट आएका कमीकमजोरीलाई पछिल्ला आवमा सुधार गरिनेछ ।

- अनुगमन समितिलाई सञ्चार, ईन्धन, सवारी साधन व्यवस्थापनको लागि आवश्यक बजेट विनियोजन गरिने ।
- समग्रमा तिलाको सेवा प्रवाहलाई सरल, छिटोछरितो पारदर्शी र प्रभावकारी बनाईने ।
- समग्रमा गाउँपालिकाले हाम्रो तिला, प्यारो तिला: समृद्धिको लागि नगरौ ढिला भन्ने ओझिलो भनाईलाई अभियानकै रुपमा लिइनेछ ।

**सडक तथा पुलपुलेसा :**

- गाउँपालिकाको केन्द्रबाट प्रत्येक गाउँ बस्ति र वडा केन्द्रलाई सुरक्षित र भरपर्दो सडक संजालमा जोडिनेछ । उक्त सडक मापडण्ड अनुसार निर्माण गरी नक्सा जाँच पास गरी निर्माण गरिनेछ ।
- गाउँपालिका भित्रका आवश्यक क्षेत्रमा झोलुङ्गे पुल, बेली ब्रिज र पक्की पुल निर्माणको लागि सम्बन्धित निकायसँग आवश्यक पहल गरिनेछ ।
- सडक तथा ग्रामिण सडक निर्माण गर्दा बाटोमा परेको जग्गाको अनिवार्य रुपमा लगत कट्टा गरिने छ।
- गाउँपालिका क्षेत्रभित्र सडक लगायतका भौतिक पुर्वाधार निर्माण गर्दा उपभोक्ता समितिबाट निर्माण गरिने कार्यका लागि डोजर लगायतका उपकरण प्रयोग गर्दा दररेटमा एकरुपता कायम गरीनेछ ।



गोरीकला बुढा
उपाध्यक्ष

तिला गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
डुण्डेली, जुम्ला
कर्णाली प्रदेश नेपाल

- "चिनौ आफ्नै माटो, बनाऔ आफ्नै गाउँ" अभियान सञ्चालन गरी गाउँका युवाहरुलाई विकास निर्माण र विभिन्न व्यावसायमा आवद्द हुन उत्प्रेरित गरिनेछ।

**सिंचाई :**

- खेतियोग्य जमीनमा सिंचाई सुविधा पुर्याउन सिचाइ टंयाङकी निर्माण गरी मुख्य कुलोहरु संचालनमा ल्याइनेछ भने बाँकी सुक्खा जमीन लिफ्ट सिंचाई प्रविधिको लागि सम्भाव्यता अध्ययन गरी कार्यन्वयनमा ल्याईनेछ।
- लिफ्ट सिंचाइ प्रविधिबाट केही वस्तीहरुमा सिंचाई संचालनमा भईरहेकाले स्तरविद्धिमा जोड दिईनेछ।
- गत आ. व. मा विपदबाट क्षति भएका सिंचाई कुलो र नहरहरु पुन निर्माणको लागि बजेटको व्यवस्था गरिनेछ।

**भवन तथा शहरी विकास :**

- गाउँपालिका क्षेत्रमा व्यवस्थित शहरी विकास गर्न व्यवस्थित गुरु योजना, भूउपयोग योजना लगायतको नीति अबलम्वन गरिनेछ।
- गाउँपालिका भित्र अब निर्माण हुने सम्पुर्ण भवन तथा घर निर्माण गर्दा अनिवार्य नक्सा पास गरी भुकम्प प्रतिरोधि बनाइनेछ।
- गाउँपालिका क्षेत्रभित्र बनेका सम्पूर्ण घरहरुको हालको अवस्था तथ्याङक संकलन गरि अभिलेखिकरण गरिनेछ।
- आ. व. २०७७/०७८ मा आगलागीबाट क्षति भएका वडा नं ७ र ९ का घरहरुको पुन निर्माणको लागि सम्बन्धित निकायमा पहल गिरनेछ।



गोरीकला बुढा
उपाध्यक्ष

तिला गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय दुधेली, जुम्ला कर्णाली प्रदेश नेपाल

**जलविद्युत :**

- तिला गाउँपालिकालाई समृद्ध, समुन्नत बनाउन आवश्यक पर्ने उर्जा क्षेत्रमा सम्पुर्ण गाउँपालिकाबासीलाई पर्याप्त पुग्ने ३०० किलोवाट (300KW) सम्मको तिला साना जलविद्युत राहदेव ठाडाकुला पुरु संचालनमा ल्याईनेछ भने अन्य गाउँपालिकालाई पनि विद्युत उपलब्ध गराई गाउँपालिकाको आन्तरिक आय सिर्जना गर्ने तिलाखोला साना जलविद्युत आयोजना तुही ९५१ किलोवाट (951KW) मिनि हाइड्रो प्रोजेक्ट (Mini Hydro Project) निर्माणाधिन भईरहेको छ । विद्युत उत्पादनको लागि आवश्यक जुनसुकै विधि र प्रकृया अवलम्बन गरिनेछ । निजी तथा सहकारी क्षेत्रलाई विद्युत उत्पादनमा आकर्षित गरिनेछ ।
- वैकल्पिक उर्जाको प्रयोगलाई बढावा दिइनेछ।
- विधुत लगायतका भौतिक पुर्वाधार निर्माण गर्दा वातावरणीय तथा जलीय संरक्षणमा विशेष ध्यान दिईनेछ ।

**संचार :**

- गाउँपालिकालाई संचार क्षेत्रसँग जोड्न तथा आम तिलाबासीले सूचना संचारको भरपुर उपयोग गर्न आवश्यक निकायहरुसंग टेलिकम टावर स्थापनाका लागि पहल गरी पहुँच वृद्धि गरिनेछ ।
- तिला गाउँपालिकालाई संचारको पहुँचमा वृद्धि गर्न सवै वडाहरुमा इन्टरनेट जडानमा निरन्तरता दिईनेछ ।
- तिला रेडियो स्थापनाको लागि अध्ययन गरी रेडियोको प्रभावकारिता अनुसार निर्माणमा जोड दिईनेछ ।



गोरीकला बुढा
उपाध्यक्ष

- तिला गाउँपालिकाको बजार क्षेत्रमा सि. सि. क्यामरा जडान र निशुल्क ईन्टरनेटको व्यवस्थापन गर्न पहल गरिनेछ ।

**४. वन, वातावरण तथा विपद् व्यवस्थापन :-**

**वन तथा भूसंरक्षणः**

- तिला सरकारले वन सुरक्षा, वृक्षा रोपण र वन विविधिकरणको बाटोबाट वातावरणीय जोखिम न्युन गरी वनको वहुउपयोगी नीति लिईनेछ । वन र जैविक विविधता संरक्षण र विकासलाई सरकारले उच्च महत्व दिनेछ ।
- आगामी वर्ष तिला सरकारले धरातल तथा जलवायु अनुकूलन वृक्षारोपण वन विकास र वन उपयोग गर्ने गरी वन क्षेत्रका कार्यक्रमहरु सञ्चान गरिनेछ।
- सवै वडामा कम्तिमा एक नमूना वन विकास कार्यक्रम कार्यन्वयन गर्नेछ ।
- सडक किनारामा भूक्षय प्रतिरोधी विरुवाहरु रोपी त्यसको संरक्षण र उपयोग गर्न सम्बन्धित समुदायलाई परिचालन गरिनेछ ।
- पहिरो तथा भूक्षयग्रस्त क्षेत्रहरुमा विरुवा रोपण गरिने, त्यसको संरक्षण र उपयोग कार्यमा गरिव तथा भूमिहिन किसानहरुलाई जिम्मा दिइनेछ ।
- वातावरण सन्तुलनका लागि एक घर एक रुखको निति अवलम्वन गरी हरीयाली तिला बनाईनेछ ।
- सडक छेउछाउमा रुखहरु लगाई हरियाली बनाईनेछ ।
- कर्णाली राजमार्गमा रहेका बजारहरुको फोहर व्यस्थापन गर्न ढल निकासीको निति लिईनेछ ।
- वन पैदावारको उचित संरक्षण सङ्कलन सदुपयोग र व्यवस्थापन गरिनेछ ।
- स्थानीय तह सुवाउदो महत्वपूर्ण प्रजातिको विरुवा छनौट गरि वन संरक्षण तथा व्यवस्थापन गर्न वन बिउ बगैचा स्थापन गरिनेछ ।



पारिकला बुढा
उपाध्यक्ष

तिला गाउँपालिका
गाउँ कार्यपालीकाको कार्यालय
दुन्डेली, जुम्ला
कर्णाली प्रदेश नेपाल

- पालिका भित्रका सुख्खा डाँडा तथा नदि किनारमा आम्दानिकालागि आयमूलक बोट विरुवाको बृक्षारोपण तथा आयमूलक हरीयाली कार्यक्रम संचालन गरिनेछ।
- सडकको दुबै तर्फ सौन्दर्य प्रदायक सडक सुरक्षा तथा आयमूलक विरुवाको बृक्षारोपण गरि हरियालि सडक बिकस गर्न प्रोत्साहित गरिनेछ।
- गाउँपालिका भित्रको भूगोल हेरी भू संरक्षणका कार्यक्रमहरु अगाडि बढाईने छ।
- संघ प्रदेश तथा निजि क्षेत्रको साझेदारिमा पालिका भित्र पाईने विभिन्न जटिबुटीको प्रशोधन तथा निर्यात गर्न जडिबुटी प्रशोधन उद्धोग संचालन गरिने छ।
- पालिका भित्रका सामुदायीक निजि तथा सरकारी बन संरक्षण गर्नका लागि समुदायलाई वनसँग जोडन वनको महत्व प्रचार गर्न चोरी आगजनीका घटना न्यूनिकरण गर्न प्रभावकारी कार्यक्रम संचालन गरिने छ ।
- प्लाष्टिकका झोलाको प्रयोगलाई निरुत्साहित गर्न बैकल्पीक झोला प्रवर्धन कार्यक्रम संचालन गरिने छ साथै वातावरणीय प्रदूषण अनुगमन स्टेशन स्थापन गरि प्रदूषण न्यूनिकरण योजनालाई कार्यान्वयनमा ल्याईने छ।
- सामुदायीक वनलाई आयमूलक तथा ब्यवसायीक वनको रुपमा विकास गरिने छ।
- लोप हुन लागेका वन्यजन्तु तथा पंक्षिहरुको संरक्षण, प्रवर्धन गर्नका लागि विशेष व्यवस्था गरिनेछ।



गोरीकला बुढा
उपाध्यक्ष

**जलवायु परिवर्तन :**

- गाउँपालिकाभित्र जलवायु परिवर्तनले पारेको प्रभाव तथा असर बारे मध्यनजर गर्दै जलवायु परिवर्तनलाई न्युनिकरणको लागि अध्ययन र अनुसन्धान कार्यलाई पहल गरिनेछ ।
- जलवायु परिवर्तन सम्बन्धी परम्परागत सीप तथा सिकाईहरु लाई डकुमेन्टेशन गर्नका लागि विशेष पहल गरिनेछ ।

**फोहोरमैला व्यवस्थापन :**

- "मेरो फोहर मेरो जिम्मेवारि" भन्ने मूल नाराका साथ गाउँपालिका क्षेत्रभित्रका बजार सुधार गरिनेछ ।
- गाउँपालिका क्षेत्रको फोहोरमैला तथा बजार व्यवस्थापन गरी प्रभावकारी रुपमा गाउँपालिकालाई स्वच्छ, हराभरा, सुन्दर राख्न फोहोरमैला व्यवस्थापन तथा सार्वजनिक शौचालय निर्माणको लागि थप गरिनेछ ।

**विपद व्यवस्थापन :**

- गाउँपालिका क्षेत्र भित्र आईपर्ने वन, वातावरण तथा विपद, बाढि, पहिरो, जोखिम, आगलागी, सुख्खा पहिरो, नदि कटान, जलवायु परिवर्तनबाट हुने क्षतिको न्युनिकरण, व्यवस्थापन गर्न जनचेतनामूलक कार्य गर्ने, वृक्षरोपण गर्ने, क्षमता अभिवृद्धि गर्ने, जोखिमबाट अति प्रभावित लाई तत्काल राहत उद्धार गर्ने, विपदबाट क्षति पुगेका संरचनाहरुलाई तत्काल सूचारु गरिनेछ ।
- आपतकालीन सूचना केन्द्र संचालनको लागि आवश्यक व्यवस्थापन गरिनेछ ।
- गत आ. ब. मा वडा नं ३ मा आगजनी भएका घरहरुको पुन-निर्माण गरिनेछ।



गौरीकला बुढा
उपाध्यक्ष

तिला गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
दुण्डेवी, जुम्ला
कर्णाली प्रदेश नेपाल

## ५. संस्थागत विकास तथा सेवा प्रवाह :-

**मानव संशाधन विकास :**

- गाउँपालिकामा उपलब्ध मानव संशाधनहरुको क्षमता विकास गर्न आवश्यक तालिमको व्यवस्था गरिनेछ ।
- शिक्षा स्वास्थ्य लगायत अन्य क्षेत्र आवश्यक मानव संशाधनलाई आवश्यक नीति नियम कार्यविधि वनाई परिपूर्ति गरिनेछ ।
- कर्मचारीहरुलाई क्षमता वृद्धिका लागि उचित तालिमको व्यवस्थापन गरिनेछ।
- गाउँपालिका भित्र कार्यरत कर्मचारीहरुको मनोवल उच्च राख्न प्रोत्साहन तथा सुरक्षाको प्रत्याभूति दिलाईनेछ ।
- लामो समय देखि स्थानीय तहमा कामकाज गर्दै आई रहेका स्थायी कर्मचारीहरुको लागी ऐन, कानून तयार गरी तह तथा स्तरवृद्धिको व्यवस्था मिलाईनेछ ।
- यस गाउँपालिकामा ओ एण्ड एम सर्भे गरी गाउँपालिका र गाउँपालिका अन्तर्गतका प्रत्येक वडा कार्यालय, विषयगत शाखामा आवश्यकता अनुसार दरवन्दी सिर्जना गरिने व्यवस्था मिलाईनेछ साथै स्वास्थ्य चौकीहरुमा न्यूनतम १ । १ जना कार्यालय सहयोगीको समेत दरवन्दी सिर्जना गर्न पहल गरिनेछ ।
- कर्मचारी कल्याणकारी कोषको स्थापना गरिनेछ ।
- प्रत्येक विषयगत शाखा र कार्यालय मध्येबाट सेवा प्रवाहमा कार्य सम्पादन अनुसार उत्कृष्ट कर्मचारीहरु छनौट गरी पुरस्कारको व्यवस्था गरिनेछ।



गोरीकला बुढा
उपाध्यक्ष

**संस्थागत क्षमता विकास :**

- एकिकृत तथ्यांक व्यवस्थापन प्रणाली सुरुवात गर्ने ।
- घरधुरी विवरणको तथ्याङ्क स्थापना गर्ने ।
- सफ्टवेयर मार्फत सवै वडाहरुमा एउटै नेटवर्कबाट तथ्यांक अद्यावधिक सेवा प्रवाह भईरहेकोमा स्तरविद्धि गर्ने ।
- पञ्जिकरण तथा सामाजिक सुरक्षा व्यवस्था गर्न अनलाईनबाट तथ्याङ्क प्रविष्टि गर्ने व्यवस्था भईरहेकोमा ईन्टरनेट र विद्युतको क्षमताविद्धि गर्ने ।
- यस गाउँपालिकाको न्यायीक समिति र वडा स्तरका मेलमिलापकर्ताहरुको न्याय सम्पादन गर्न सजिलोका लागि ४८ घण्टे तालिम संचलान पश्चात नमूना सहजिकरण उचित न्यायको सम्बोधन हुनेगरि समिति गठन गर्ने ।

**संस्थागत पूर्वाधार :**

- वडा कार्यालय भवन निर्माणका लागि इच्छुक स्थानीय जग्गादाताबाट जग्गा लिइ नेपाल सरकारको अनुदान तथा प्राविधिक सहयोग लिइनेछ ।
- वडा कार्यालयहरूमा आवश्यक भौतिक पूर्वाधार, मानव संशाधन, फर्निचर, मेशिनरी औजारहरुको व्यवस्था गरी नागरिकहरुलाई सजिलै, घरदैलोमै सेवा प्रवाह गर्ने अवसर सिर्जना गरिनेछ ।
- नागरिक वडापत्र प्रणाली : गाउँपालिका तथा प्रत्येक वडा कार्यालयमा नागरिक वडापत्रको व्यवस्था गरिनेछ ।
- सेवा प्रवाहमा विद्युतीय सूचना प्रविधिको प्रयोगमा जोड दिइनेछ ।
- गाउँपालिकाबाट प्रवाह हुने सेवामा विद्युतीय सूचना प्रविधिको अत्याधिक प्रयोग गर्दै सेवा प्रवाहलाई सरल, छिटो र छरितो बनाइनेछ ।



गोरीकला बुढा
उपाध्यक्ष

आगामी आ. व. २०७९/०८० मा तिला गाउँपालिका गरिबसँग विश्वेश्वर कार्यक्रमले समुहमा आवद्ध सम्पूर्ण गरीब घरधुरीको पहिचान गरी उक्त घरका सदस्यहरुलाई उनीहरुको माग अनुसारका कार्यक्रम तय गरिनेछ।

## ६. वित्तीय व्यवस्थापन र सुशासन :

### राजस्व परिचालन :

- गाउँपालिकाको राजश्व सुधार कार्ययोजना तर्जुमा गरिनेछ।
- आम जनतालाई कर तथा राजश्वको महत्वका बारेमा गाउँपालिका वित्तीय क्षेत्र व्यवसायी कर्मचारीको संयुत्त पहलमा संघ संस्थाहरुको सहकार्यमा जनचेतना बिस्तार गरिनेछ।
- एकीकृत सम्पत्ति कर असुली व्यवस्थित गर्न सूचना प्रविधि अवलम्वन गरी अभियान संचालन गरिनेछ।

### बेरुजु फर्छयौट :

- यस गाउँपालिकालाई बेरुजु रहित गाउँपालिका बनाइनेछ। समयमै वेरुजु असुल उपर गर्ने व्यक्ति संस्थालाई उचित पुरस्कारको व्यवस्था गरिनेछ। वेरुजु असुलीलाई कडाइका साथ अवलम्वन गरी बेरुजु रहित गाउँपालिका बनाइनेछ।

### सार्वजनिक सुनुवाई :

- गाउँपालिकाबाट प्रवाह हुने सेवाको बारेमा चौमासिक र वार्षिक रुपमा सार्वजनिक सुनुवाई गरिनेछ।

गोरीकला बुढा
उपाध्यक्ष

सम्मानित गाउँसभाका सदस्य ज्यु हरु,

अब म यस गरिमामय सभामा आगामी आ.ब. ०७९।०८० मा सञ्चालन गरिने कार्यक्रमको लागि संक्षेपमा प्रस्तावित वजेट प्रस्तुत गर्न चाहन्छु।

आगामी आर्थिक वर्षका लागि देहाय अनुसार आय अनुमान गरेको छ।

| शीर्षकको नाम | चालु खर्च | पूँजीगत खर्च | वित्तिय व्यवस्था | जम्मा | अक्षरुपी |
|---|---|---|---|---|---|
| वित्तिय समानिकरण अनुदान संघ | | | | १०५६००००० | १० करोड ५६ लाख |
| वित्तिय समानिकरण अनुदान प्रदेश | | | | १०६३२००० | १ करोड ६ लाख ३२ हजार |
| सशर्त अनुदान संघ | | | | १८७९००००० | १८ करोड ७९ लाख |
| सशर्त अनुदान प्रदेश | | | | २१३२०००० | २ करोड १३ लाख २० हजार |
| विशेष अनुदान संघ | | | | ४८०००००० | ४ करोड ८० लाख |
| विशेष अनुदान प्रदेश | | | | ५१०७००० | ५१ लाख ७ हजार |
| समपूरक अनुदान संघ | | | | ३२२००००० | ३ करोड २२ लाख |
| समपूरक अनुदान प्रदेश | | | | १७०१८००० | १ करोड ७० लाख १८ हजार |
| राजश्व बाँडफाँड संघ | | | | ७८८३६००० | ७ करोड ८८ लाख ३६ हजार |
| राजश्व बाँडफाँड प्रदेश | | | | ३३१३३१ | ३ लाख ३१ हजार ३ सय ३१ |
| आन्तरिक श्रोत अल्या सहित अनुमानित | | | | १२०००००० | १ करोड २० लाख |
| आन्तरिक राजश्व | | | | २४००००० | २४ लाख |
| **जम्मा** | | | | ५२१३४४३३१ | **५२ करोड १३ लाख ४४ हजार ३ सय ३१** |

अब संघ र प्रदेश सरकारबाट प्राप्त रकम

१. संघीय सरकार राजश्व बाँडफाँडबाट प्राप्त रकम रु ७ करोड ८८ लाख ३६ हजार विनियोजन गरिएको छ।



गोरीकला बुढा
उपाध्यक्ष

२. संघीय सरकार समानिकरण अनुदान तर्फ १० करोड ५६ लाख रकम विनियोजन गरिएको छ ।

३. संघीय सरकार शसर्त अनुदान तर्फ रु १८ करोड ७९ लाख विनियोजन गरिएको छ ।

४. संघीय सरकार विशेष अनुदान तर्फ तपसिलका योजनाहरुमा तपसिल बमोजिमको रकम विनियोजन गरिएको छ ।

- मानेचौर माध्यमिक विद्यालय भवन तथा शौचालय निर्माण – ५८ लाख
- श्री सेतीवाडा माध्यमिक विद्यालय भवन निर्माण – ६२ लाख
- ज्योति मा वि राँसा मालापानी पक्की भवन निर्माण आयोजना – १ करोड
- देउराली मा वि जुम्लाकोट ८ कोठे पक्की भवन निर्माण – १ करोड
- श्री सरस्वती मा वि कुडारी ८ कोठे भवन निर्माण – १ करोड
- देउराली आ. वि. पुरु ६ कोठे भवन निर्माण – ६० लाख

५. संघीय सरकार समपूरक अनुदान तर्फ  तपसिलका योजनाहरुमा तपसिल बमोजिमको रकम विनियोजन गरिएको छ ।

- गाउँपालिका भवन निर्माण – ९० लाख
- तलिचौर देखी लासीसम्म तटबन्धन निर्माण – १ करोड
- धोडा ज्युला देखी गाडापारी सिँचाई कुलो निर्माण – ५० लाख
- नुवाकोट सोलार लिफ्ट ईरिगेसन – ८२ लाख

६. वित्तिय समानिकरण प्रदेश सरकारबाट प्राप्त अनुदान १ करोड ६ लाख ३२ हजार विनियोजन गरिएको छ ।

७. प्रदेश सरकार शसर्त अनुदान तर्फ २ करोड १३ लाख २० हजार रकम विनियोजन गरिएको छ ।



गोरीकला बुढा
उपाध्यक्ष

८. प्रदेश सरकार विशेष अनुदान तर्फ घोडेसिम खानेपानी योजनाको लागि ५१ लाख ७ हजार रकम विनियोजन गरिएको छ ।

९. प्रदेश सरकार समपूरक अनुदान तर्फ तपसिलका योजनाहरुका लागि तपसिल बमोजिमको रकम विनियोजन गरिएको छ ।

- राँसादेखी नदैगुफा सम्म सडक निर्माण – ४९ लाख ९२ हजार
- लाटीका थान देखी लर्मी गाउँ सम्म सडक निर्माण - ७० लाख ७६ हजार
- कुडारी बजार देखी डुङ्ग्री सम्म सडक स्तर उन्नती – ४९ लाख ५० हजार

१०. प्रदेश सरकार राजश्व बाँडफाँड तर्फ ३ लाख ३१ हजार ३ सय ३१ रकम विनियोजन गरिएको छ।

११. आन्तरिक श्रोत अल्या सहित तर्फ १ करोड २० लाख रकम अनुमानित बजेट पेश गरिएको छ ।

१२. आन्तरिक राजश्व तर्फ २४ लाख रकम अनुमानित बजेट पेश गरिएको छ ।

यस गाउँपालिकामा संचालित गैर-सरकारी संघ संस्थाहरुले यस गाउँपालिकामा कार्यक्रम तथा योजना संचालन गर्नको लागि तपशिल बमोजिम बजेट विनियोजन गरेको छ।

- कर्णाली एकिकृत ग्रामिण विकास तथा अनुसन्धान केन्द्र (KIRDARC) नेपाल अन्तर्गत भकारी कार्यक्रमको मिति २०७९ असोज १४ गते सम्मको बजेट रु २० लाख ७७ हजार ६ सय ८० रकम विनियोजन गरेको छ ।
- पेस नेपाल (CAFS-Karnali Project) ले मिति २०७९ कार्तिक ८ गते सम्मको लागि बजेट रु २ करोड १ लाख रकम विनियोजन गरेको छ ।



गोरीकला बुढा
उपाध्यक्ष

- सुर्य सामाजिक सेवा संघ (फो. एस.) जुम्ला ले सन २०२२ सम्मको लागि बजेट रु ४ लाख विनियोजन गरेको छ।
- सर्बोदय नेपाल संस्थाले १६ लाख ४६ हजार २ सय रकम विनियोजन गरेको छ।

अन्तमा, स्थानीय सरकारको समग्र बिकासको फराकिलो आधार निर्माण गर्नको लागि प्रस्तुत नीति तथा कार्यक्रम तयारी गर्ने क्रममा सल्लाह सुझाव दिइ योगदान गर्नुहुने स्थानीय तह बिषयगत समिति, विज्ञ समूह, राजनीतिक दलका प्रमुख तथा प्रतिनिधि, स्थानीय तहका जनप्रतिनिधि, राष्ट्रसेवक कर्मचारी, बुद्धिजीवि, निजी क्षेत्र, नागरिक समाज, श्रमजीवि नागरिक, सञ्चारकर्मी, विकास साझेदार संघ संस्था र सम्पूर्ण तिला बासीप्रति धन्यबाद ज्ञापन गर्दै अन्तर हृदयबाट आभार र कृतज्ञता प्रकट गर्दछु।

धन्यवाद !
गोरिकला बुढा
उपाध्यक्ष
तिला गाउँपालिका, जुम्ला

गोरीकला बुढा
उपाध्यक्ष